प्रमुख सल्लाहकार युनुसद्वारा बङ्गलादेशी सेनालाई... पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक १५४ • २०८२ साल कार्त्तिक १७ गते सोमबार (3 November, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## माओवादी र एससहित आठ दलबीच एकता

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र), नेकपा एकीकृत समाजवादी (नेकपा एस)लगायत आठ वाम दलहरुले माओवादीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड संयोजक र नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल सहसंयोजक हुने गरी पार्टी एकता गर्ने निर्णय गरेका छन् ।

माआवादी र एसमा पार्टी एकताविरुद्ध फरक मत भए पनि प्रचण्ड, नेपाललगायत नेताको जोडबलमा आइतबार भएको १८ बुँदे एकता सहमतिपत्रमा हस्ताक्षर भएको छ ।

एसका वरिष्ठ नेता एवं वार्ता टोलीका संयोजक बेदुराम भुसालले एकीकृत पार्टीमा माओवादी निवर्तमान अध्यक्ष दाहाल संयोजक र नेकपा एसका अध्यक्ष नेपाल सहसंयोजक हुने सहमति भएको जानकारी दिए ।

पार्टीको नाम नेकपा समाजवादी र चुनाव चिह्न पाँचकुने तारा हुने उनीहरुले सहमति गरेका छन् । माओवादीले माओवादका साथै नाम र नेकपा एसले नाम छाडेको छ । उनीहरु अगाडि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) जोडे पनि समाजवादी विचारमा अघि बढेका छन् । 'प्रचण्डजी संयोजक र माधव नेपाल सहसंयोजक हुने सहमति भइसकेको छ,' उनले भने, 'कात्तिक १९ मा हुने एकता राष्ट्रिय सम्मेलनमा एकता घोषणा हुनेछ ।'

### प्रधानमन्त्री-मुख्यमन्त्रीबीच छलफल

# चुनौति छिचोल्दै निर्वाचनको वातावरण निर्माणका लागि प्रदेश सरकार तयार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारलाई अहिले जटिल मोडबाट गुज्रिरहेको छ । मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनललाई सत्तागठबन्धनका घटक दललाई मिलाउन, मधेश प्रदेशमा जनतालाई 'अप्पन शासन, अप्पन प्रशासन' को अनुभूति दिलाउन र यही फागुन मसान्ततर्फ हुने भनिएको प्रतिनिधिसभा निर्वाचन सफलतापूर्व सम्पन्न गराउने कार्यभार पनि थपिएको छ । जुन निकै चुनौतिपूर्ण कार्यभार मुख्यमन्त्री सोनलको काँधमा रहेको राजनीतिवृत्तमा चर्चा हुन थालेको छ ।

एकातर्फ मधेश प्रदेश सरकारले पूर्णता पाउन नसक्दा विभिन्न मन्त्रालयका कामकाज प्रभावित भइरहेको छ । सम्पूर्ण मन्त्रालयको प्रशासनिक कामकाज मुख्यमन्त्री सोनलकै काँधमा छन् । प्रदेशमा संघीय सरकारले नै सचिव बनाएर कर्मचारी पठाउँदा पनि यहाँ कर्मचारी टिक्ने अवस्था छैन । अधिकांश प्रदेश सरकारका सचिव र विभिन्न मन्त्रालयका सचिवहरु मन्त्रालयमा जसोतसो हाजिर भए पनि उनीहरु आफ्नो कार्यकाल भर काठमाण्डुमै बसेर प्रदेश सरकारको कामकाज गर्दा मधेश प्रदेश सरकारको सम्पूर्ण कामकारबाही प्रभावित हुँदै आएको छ ।

मुख्यमन्त्री सोनलमाथि मन्त्रिमण्डल विस्तार गर्न, कर्मचारी टिकाउन, भ्रष्टाचारमुक्त प्रदेश बनाउन र मधेश प्रदेशमा शान्ति सुरक्षाको प्रत्याभूति गराउनुपर्ने बेलामा भएको प्रधानमन्त्री र सात वटै प्रदेशका मुख्यमन्त्रीहरुको संयुक्त बैठकमा भ्रष्टाचार मुक्त देश निर्माण र मधेश प्रदेशका सवालबारे प्रधानमन्त्री सुशीला कार्की मौन देखिइन् ।



प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा सातवटै प्रदेशका मुख्यमन्त्रीहरूसँग भएको बैठकबाट सौहार्दपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउने विषयमा केन्द्रित रहेको बताइएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको बैठकमा सातै प्रदेशका मुख्यमन्त्रीहरूले निर्वाचनको वातावरण निर्माणका लागि संघ सरकारसँग सहकार्य गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गरे ।

प्रधानमन्त्री कार्कीले राजनीतिक दलसहित सबै पक्षसँग संवाद र छलफल अघि बढाएकामा प्रशंसा गर्दै उनीहरूले निर्वाचनका पक्षमा वातावरण बनेको विश्वास व्यक्त गरिन् ।

मुख्यमन्त्रीहरूले निर्वाचनको प्रमुख चुनौती शान्ति सुरक्षाको विषय रहेकाले यसमा गम्भीरता साथ लाग्नुपर्ने धारणा राखे । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले आपसी सहकार्य, समन्वय र सहअस्तित्वको भावनासहित काम गरेमा तोकिएकै मितिमा निर्वाचन गर्न सकिने उनीहरूको भनाइ थियो ।

मुख्यमन्त्री सोनाल अगाडि प्रदेश सरकार गठनदेखि सरकार टिकाउन र निर्वाचन सम्पन्न गराउनसम्म सकस रहेको छ । तर उनले किसानका समस्यालाई मध्यनजर गर्दै खडेरी र अतिवृष्टिबाट प्रभावित किसानका लागि राहत घोषणा गर्न प्रधानमन्त्री कार्कीसंग माग गरे ।

जेन-जी आन्दोलनका क्रममा क्षति पुगेका संरचना पुनःनिर्माणका लागि संघीय सरकारले नै प्याकेज ल्याउनुपर्ने सुझाव उनले दिए ।

त्यस्तै खर्च कटौतीका लागि संघीय सरकारले गरेको परिपत्रले प्रदेश सरकारको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको हो कि भन्ने आशंका उत्पन्न भएको पनि उनले बताए । संघीय सरकारले कानुनले तोकेभन्दा बढी सहयोगी र सल्लाहकार राख्न नपाउने, १० लाख रुपैयाँभन्दा माथिका योजनाको ठेक्कामा अनिवार्य बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराउनुपर्नेजस्ता मार्गदर्शन गरेको थियो ।

जेन-जी आन्दोलनबाट गठित सरकारले न्यायिक, प्रशासनिक सुधारका काम नगरे पनि प्रदेशका राजनीतिक पदाधिकारीको सेवा सुविधामा मात्र लक्षित गरी परिपत्र गरेको हो कि भन्ने आशंका पनि मुख्यमन्त्रीहरुले व्यक्त गरे ।

मुख्यमन्त्रीहरूले डेडिकेटेड फिडरको बक्यौता नबुझाउने उद्योगको बिजुलीको लाइन काट्ने निर्णयले उद्योगका साथै मजदुर र सरकारको राजश्वमा असर गर्नेतर्फ पनि ध्यानाकर्षण गराएका छन् ।

त्यस्तै कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले आफू एमालेको प्रतिनिधित्व गरे पनि चुनाव विरोधी नरहेको बताए । उनले चुनावको वातावरण बनाउन संघ सरकार लागोस् र त्यसमा हाम्रो भूमिकालाई पनि नबिर्सोस् भन्दै अबको निकास चुनाव नै रहेको दाबी गरे ।

प्रधानमन्त्री कार्कीले पनि राजनीतिक दल नै यस व्यवस्थाका वाहक भएकाले जतिसक्दो छिटो निर्वाचन गरी दलीय सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर रहेको बताइन् ।

यता मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्त भएका सोनलले यही कार्तिक २२ गते विश्वासको मत लिने तयारी गरेका छन् । तर मुख्यमन्त्री सोनललाई अझै पनि चुनौतिहरुलाई सामना गर्नुपर्ने अवस्था रहेको देखिन्छ ।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले मधेश प्रदेश सरकार मातहत प्रहरी प्रशासन नहुँदा प्रदेशमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन नसकेको भन्दै संविधानमा उल्लेख रहेको प्रदेश प्रहरी गठनका लागि आन्दोलन नै गरे । तर पनि प्रहरी प्रशासन प्रदेश सरकारको मातहतमा अहिलेसम्म पनि आउन सकेको छैन । जसले गर्दा पूर्वमुख्यमन्त्री सरोजकुमार यादव, निवर्तमान मुख्यमन्त्री सतीशकुमार सिंहले समेत प्रदेशवासीलाई अप्पन शासन र अप्पन प्रशासनका लागि र शान्ति सुरक्षाको प्रत्याभूति दिलाउनका लागि प्रहरी र कर्मचारीको अझैसम्म पनि आवश्यक रहेको बताएका थिए ।






# वैशाखयता चार हजार ६०० विपद्जन्य घटना



काठमाण्डु । यो वर्षको कात्तिक १५ गतेसम्म देशभर चार हजार ५९७ वटा विपद्जन्य घटना भएका छन् । वैशाखयताका ती विपद्का घटनामा परेर शनिबारसम्म तीन सय ३५ जनाको मृत्यु भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार उक्त अवधिमा ४१ जना बेपत्ता भएका छन् भने एक हजार २६४ जना घाइते भएका छन् । बाढीका मात्रै तीन सय १६ घटना हुँदा ३७ जनाको मृत्यु र २७ जना बेपत्ता भएका छन् । त्यसैगरी, पहिरोका पाँच सय ५० घटना हुँदा ६७ जनाको मृत्यु र चार जना बेपत्ता तथा चट्याङका तीन सय ५६ घटना हुँदा ४४ जनाको मृत्यु, सर्पदंशका पाँच सय ३८ घटना हुँदा ९२ जनाको मृत्यु भएको छ ।

त्यसैगरी, जनावरको आक्रमणका दुई सय ६९ घटनामा २५ जनाको मृत्यु र एक बेपत्ता, लेक लागेका ८० घटनामा २७ जनाको मृत्यु भएको छ । भारी वर्षाका चार सय २० घटनामा सात, आगलागीका एक हजार ६१४ घटनामा २६ र हुरीबतासका दुई सय ८६ घटनामा आठ जनाको मृत्यु भएको प्रवक्ता महतले जानकारी दिनुभयो ।

हिउँ पहिरोमा परी नौ जना बेपत्ता भएको प्राधिकरणले जनाएको छ । शनिबार मात्रै विभिन्न विपद्जन्य घटनामा दुई जनाको मृत्यु भएको छ । विपदजन्य ४६ घटना भएको र उक्त विपद्ले ३१ जिल्ला प्रभावित बनाएको प्राधिकरणले जानकारी दिएको छ । रासस

> राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार उक्त अवधिमा ४१ जना बेपत्ता भएका छन् भने एक हजार २६४ जना घाइते भएका छन् ।

# मिथिलामा मनाइयो देवोत्थान उत्सव

महोत्तरी । मिथिला क्षेत्रमा शनिबार देवोत्थान उत्सव मनाइएको छ । मैथिल परम्परामा प्रवोधिनी पनि भनिने कार्तिक शुक्ल एकादशीका दिन भगवान् विष्णु निद्राबाट ब्युझनुभएको विश्वासमा यस दिन व्रत, भजनकीर्तन र भगवान् श्री विष्णु र तुलसाबीच विवाह समारोह गरेर देवोत्थान उत्सव मनाइएको हो । पर्वका अवसरमा यहाँका मठमन्दिर र घरघरैजसो तुलसा र शालिग्राम (भगवान् विष्णुको प्रतीक)को विवाहोत्सव मनाउने मैथिल परम्परा छ ।

महिनैपिच्छे कैयौं धार्मिक, सांस्कृतिक र पारम्परिक पर्व परम्पराको धनी मानिने मिथिलामा देवोत्थानपछि विवाह, यज्ञोपवित (व्रतबन्ध), गृहप्रवेश, मुण्डन र यज्ञयज्ञादिसहितका शुभकार्यको बाटो खुल्ने मानिन्छ । असार शुक्ल एकादशीपछि रोकिने यस्ता शुभकार्य देवोत्थान उत्सव सम्पन्न गरेसँगै खुल्ने हुँदा मिथिलामा यो महत्वको पर्व रहँदै आएको मैथिल लोकपरम्पराका ज्ञाता जलेश्वर-४ सुगाभवानीपट्टीका ८५ वर्षीय कृष्णचन्द्र झा बताउनुहुन्छ । यस्ता शुभकार्यमा यो दिनपछि भगवान् विष्णुको छत्रछायाँ रहने विश्वास गरिन्छ।



"देवोत्थान एकादशी मैथिल परम्परामा विशिष्ट दिन मानिन्छ, यस दिनपछि देवजागरण हुने विश्वास गरिन्छ", उहाँ भन्नुहुन्छ, "भगवान् विष्णु यसै दिन चार महिना लामो निद्राबाट ब्युझनुभएको विश्वासमा यो पर्व उल्लासका साथ मनाउने मैथिल परम्परा छ ।" भगवान् विष्णु असार शुक्ल एकादशीका दिन क्षार समुद्रमा शयन गर्ने र कार्तिक शुक्ल एकादशीका दिन जागा हुने हिन्दू मैथिल विश्वास छ । असार शुक्ल एकादशीलाई ' हरिसयनी' र कार्तिक शुक्लपक्षको देवोत्थान एकादशीलाई ' हरिवोधनी' पनि भन्ने गरिन्छ । मिथिलामा यो पर्व निष्ठाका साथ व्रत गर्दै श्री विष्णु र तुलसाबीच विवाहोत्सव मनाएर गरिन्छ । यस दिन घरआँगनको तुलसीको मठ सिँगार्ने र विष्णु रुप मानेर शालिग्रामसँग तुलसाको विवाह भएको उत्सव मनाइन्छ । दिनभरि विवाह विधिको रमाइलोमा सरिक मैथिल र मिथिलानी आजको रात भने भजनकीर्तनमा रम्नेछन् । यो विवाहोत्सवमा मिथिलानी (मिथिलाका नारी) सुमधुर विवाह गीत गाउँछन् ।

*'तुलसी सजी सँवरी रहल अछि,*
*शालिग्राम जनक ललना..!'*

देवोत्थान एकादशी व्रत प्रभावले विष्णुलोक प्राप्त हुने मैथिल हिन्दू जनविश्वास छ । यस दिन बिहानै सूर्योदयपूर्व धार्मिक महत्वका जलाशयमा नुहाएर व्रत सङ्कल्प गरिन्छ । यो व्रत कसैले निराहार र कसैले फलाहार गरेर मनाउँछन् । पर्वका दिन तुलसी मठ, तलाउको डिल र गाउँबस्तीका धार्मिक महत्वका मठमन्दिरमा साँझ दीपोत्सव मनाइन्छ । बर्तालुले शनिबार (हिजो) साँझ यो दीपोत्सव सम्पन्न गरेका छन् ।

यस पर्वको मुख्य आकर्षण भने तुलसी शालिग्राम विवाह नै रहँदै आएको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झा बताउनुहुन्छ । भगवान् विष्णु निद्राबाट जागा भएपछि सबै काम शुभ हुने मैथिल बताउँछन् । भगवान् विष्णु जागा हुने र यसै दिन तुलसीसँग विवाह हुने दिनलाई मिथिलानीले गीतमा यसरी जोड्छन् ।

*'देव उठल कार्तिकमें, शुभकार्य स'ब होइ,*
*तुलसी विवाहक नेपथ्यसँ मंगल बजन गुँजी सोइ ।'*

पर्वमा मिथिलामा विवाहका बेला गाइने मङ्गल गीत गाइन्छन् । पर्वको दिन राति जाग्राम बसेर हरिकीर्तन गर्दै भोलिपल्ट द्वादशी तिथिमा यो व्रत साङ्गता गरिने चलन रहेको बर्दिबास-२ का पण्डित महेशकुमार झा बताउनुहुन्छ । वर्षका सबै एकादशी व्रत गर्न नसकेकाहरूले पनि देवोत्थान र हरिशयनी एकादशी व्रत गरे सबै व्रत गरेको पुण्यप्राप्त हुने एकादशी माहात्म्यमा उल्लेख छ ।रासस

# पर्यटन व्यवसायी वाग्लेको स्मृति ग्रन्थ लोकार्पण

काठमाण्डु । पर्यटन व्यवसायी देवेन्द्र वाग्लेको प्रथम स्मृतिसभा एवम् स्मृति ग्रन्थ लोकार्पण गरिएको छ । आइतबार यहाँ आयोजित कार्यक्रममा ग्रन्थ लोकार्पण गरिएको हो ।

कार्यक्रममा वक्ताहरुले पर्यटन क्षेत्रको विकासमा स्वर्गीय देवेन्द्र वाग्लेको महत्त्वपूर्ण भूमिका रहेको स्मरण गर्दै त्यो भूमिका बिर्सन नसकिने बताए । कार्यक्रममा पर्यटन व्यवसायी दीपक महतले देशको पर्यटन क्षेत्रमा स्व वाग्लेले विश्वसनीय र इमान्दार छवि बनाएको उल्लेख गर्दै उहाँकै प्रेरणाले पर्यटन क्षेत्रमा आएका कर्मचारीबाट ठमेलमा मात्र १०० भन्दा बढी ट्रेकिङ कम्पनी स्थापना गरेको बताउनुभयो ।



नेपाली कांग्रेस धादिङका पूर्वसभापति एवम् पर्यटन व्यवसायी रमेश धमलाले स्व वाग्ले कूटनीतिक क्षमताको व्यवस्थापनमा अब्बल व्यक्ति भएको बताउनुभयो । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले आफू र वाग्लेबीच वैचारिक मतभिन्नता रहे पनि नेपालको पर्यटन क्षेत्रलाई अगाडि बढाउने सवालमा सधैँ सँगै रहेको स्मरण गर्नुभयो । पर्यटन व्यवसायी ज्योति अधिकारीले पर्यटन क्षेत्रलाई गौरवपूर्ण ढङ्गले अगाडि बढाउन सकिए स्व वाग्लेप्रति सच्चा श्रद्धाञ्जलि हुने बताउनुभयो । नेपाल एसोसिएसन टुर एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलिया, नेपाल पर्वतारोहण सङ्घ (एनएमए) का पूर्वअध्यक्ष सन्तवीर लामा, पर्यटन व्यवसायी एवम् नियात्राकार राजेन्द्रमान डङ्गोलगायतले पर्यटन क्षेत्रमा उद्यमशीलताको विकासमा लाग्न स्व वाग्लेले खेलेको भूमिकाको उच्च प्रशंसा गर्नुभयो ।

कार्यक्रममा 'कर्मयोगी देवेन्द्र वाग्ले सम्झना र अनुभूति' पुस्तक विमोचन गरिएको थियो । उक्त पुस्तकका सम्पादक वरिष्ठ साहित्यकार एवम् पत्रकार हरि अधिकारीले स्व वाग्लेमा कर्मशीलता र अनुशासित रहेको बताउनुभयो ।

स्व वाग्लेका पिता नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री चिरञ्जीवी वाग्लेले आफ्नो छोरा राजनीतिभन्दा पनि पेसा-व्यवसायमा पूर्ण ध्येय, निष्ठा र इमान्दारका साथ लाग्ने कर्मयोगी भएको बताउनुभयो । देवेन्द्रको निधनले नेपालको पर्यटन क्षेत्रलाई ठूलो बज्रपात परेको उहाँको भनाइ थियो ।रासस

# जिपीम्यानको नयाँ कार्यसमिति चयन

काठमाण्डु । जनरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन एशोसिएसन अफ नेपाल ' जिपीम्यान'को आइतबार यहाँ सम्पन्न २७औं साधारणसभाले डा विश्वराज दवाडीको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमितिको निर्वाचन गरेको छ ।

आगामी तीन वर्षका लागि भएको निर्वाचनमा वरिष्ठ उपाध्यक्षमा डा सुरेशप्रसाद नेपाल, उपाध्यक्षमा डा तीर्थमान श्रेष्ठ, महासचिवमा डा विकास गौचन, सहसचिवमा डा सन्तोष बास्तोला, कोषाध्यक्षमा डा सञ्जयकुमार गुप्ता तथा सहकोषाध्यक्षमा डा आरती शाह चयन हुनुभएको छ । त्यस्तै, कार्यसमिति सदस्यमा डा ऐषणा जोशी, डा दयाराम लम्साल, डा दीपेन्द्र तिमिल्सिना र डा राजीवराज थपलिया हुनुहुन्छ ।

सरकारी तथा निजी अस्पताल एवं दुर्गम भेगमा रहेका स्वास्थ्य संस्थामा कार्यरत आकस्मिक तथा सामान्य चिकित्सा क्षेत्रमा कार्यरत ८०० भन्दाबढी चिकित्सक रहेको यस संस्था २०४६ सालमा स्थापना भएको हो ।

संस्थाको एकता, पेसागत उन्नति र आपत्कालीन स्वास्थ्य सेवामा योगदानका लागि नयाँ नेतृत्वले प्रभावकारी भूमिका निर्वाह गर्ने नवनिर्वाचित अध्यक्ष डा दवाडीले विश्वास पनि व्यक्त गर्नुभयो ।रासस

# झाडापखाला प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मी नमुना संकलन गर्दै



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिका-५ स्थित लोखरम मुसहरी टोलमा झाडापखाला प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मीको टोली पुगेका छन् । प्रभावित क्षेत्रमा पुगेका स्वास्थ्यकर्मीको टोलीले घर- घरमा पुगेर नमुना संकलन गरिरहेका छन् ।

पखालाको नमुना संकलन गरेर जाँचका लागि पठाउने कार्य भइरहेको कोचाबखारी स्वास्थ्य चौकी लोखरमका प्रमुख आलोक रञ्जन झाले जानकारी दिए । उनले पखालाको नमुना संकलनपछि यसबारे थप उपचार अगाडि बढाउने बताए ।

लोखरमको मुसहर वस्तीमा झाडापखाला लागेर एकै परिवारको तीन जनाको मृत्यु भएको छ । अहिले त्यहाँका १५ जनाको पखालाको नमुना संकलन गरिएको प्रमुख झाले बताए ।

# सामाजिक सुरक्षा कोषमा ९४ अर्ब

काठमाण्डु । सामाजिक सुरक्षा कोषमा हालसम्म कूल रु ९४ अर्ब नौ करोड एक लाख ७९ हजार बराबरको रकम जम्मा भएको छ ।

कोषले रु १७ अर्ब २९ करोड ३० लाख ५१ हजार बराबरको रकम योगदानकर्तालाई भुक्तानी समेत गरेको छ ।

कोषमा कूल २५ लाख ९२ हजार एक सय ४१ जना सूचीकृत योगदानकर्ताका रुपमा समावेश भएका छन् । कोषमा २२ हजार एक सय २५ सूचीकृत रोजगारदाता रहेका छन् ।




रोजगारदातालाई क्रमशः सूचीकृत गराउन कोषले आवश्यक पहल समेत गरिरहेको जनाएको छ ।

कोषमा औषधी उपचार, स्वास्थ्य तथा मातृत्व दावी रकम रु दुई अर्ब ४२ करोड ५० लाख ८१ हजार रहेको छ । यस्तै, दुर्घटना तथा अशक्तता सुरक्षा दावी रकम रु २२ करोड ३१ लाख ६३ हजार, आश्रित परिवार सुरक्षा दावी रकम रु २८ करोड ३५ लाख ९७ हजार र अवकाश दावी रकम रु १४ अर्ब ३६ करोड १२ लाख आठ हजार रहेको छ ।रासस

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय : मनकामना मार्ग, काठमाण्डौं, नेपाल
फोन नं. ५९००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र. सं. | बीमालेख नं. | बीमितको नाम,थर | ठेगाना |
|---|---|---|---|
| १ | PLI१४१०००१३०७ | ध्रुव कुमार श्रेष्ठ | भरतपुर-०५, धनुषा |

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** पराक्रम र प्रसिद्धि बढाउने समय छ । विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ।
**वृष :** व्यापार व्यवसाय राम्रो हुनेछ। आर्थिक लगानी बढाउन अनुकूल छ ।
**मिथुन :** दैनिक कामकाज सजिलै सम्पन्न हुनेछन्।
**कर्कट :** आज दिउँसोको समयमा भने धनको कारोबारमा सतर्क रहनु बेस हुनेछ ।
**सिंह :** मिहिनेत गर्नुपर्छ, जे गरे पनि सफलता आर्जन हुने दिन छ ।
**कन्या :** काममा सोचेजस्तै सफलता मिल्नुका साथै उन्नति गर्ने अवसर प्राप्त हुने योग छ।
**तुला :** दान, पुण्यका कार्यमा आकर्षण बढ्नेछ।
**वृश्चिक :** कडा परिश्रम व्यर्थे खेर जान सक्छ । दिउँसोबाट निराशाको अन्त्य हुनसक्छ।
**धनु :** घुमघाम, भेटघाट र मनोरञ्जनमा दिन बित्नेछ ।
**मकर :** आजको विनियोजन र लगानीले उत्तरोत्तर फाइदा हुनेछ ।
**कुम्भ:** मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ ।
**मीन :** घरपरिवारभित्रका विविध समस्यामा रुमल्लिनु पर्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-८ बाट आइतबार बिहान देखिएको सूर्योदय। लगातार तीन दिनको झरिपछि आज बिहान मौसम खुलेको छ। तस्बिर : रासस

# वीरगञ्ज नाकाबाट चार अर्ब ६१ करोडको खाद्यान्न आयात

वीरगञ्ज । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्ष २०८२/८३ को तीन महिनामा रु चार अर्ब ६१ करोडको खाद्यान्न आयात गरिएको छ । धान, चामल, मकै, माल्टलगायतका १६ वटा खाद्यान्न वस्तु आयात गरिएका हुन् ।

गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा १६ खाद्यान्न रु एक अर्ब ५६ करोड बढीको आयात गरिएको छ । गत आवको तीन महिनाको अवधिमा रु तीन अर्ब चार करोड मूल्य बराबरका १६ थरिका खाद्यान्न यो नाका हुँदै आयात गरिएका थिए ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा खाद्यान्नको आयातमा वृद्धि भएको जानकारी दिनुभयो । "यो वर्षको पहिलो त्रैमासिकमा खाद्यान्नलगायतको वस्तुको आयातमा वृद्धि भएको छ", उहाँले भन्नुभयो । चालु आवको तीन महिनाको अवधिमा रु अर्ब ८० करोड मूल्य पर्ने तीन



करोड ३६ लाख १२ हजार ८१० किलोग्राम मकै आयात भएको छ।

गत आवको तीन महिनामा भने रु एक अर्ब नौ करोड मूल्य पर्ने रु दुई करोड १६ लाख २७ हजार ९९२ किलोगाम मकै आयात भएको थियो । चालु आवको तीन महिनामा रु एक अर्ब ४६ करोड मूल्य पर्ने तीन करोड ९१ लाख एक हजार ३४२ किलोग्राम धान आयात भएको छ । गत आवको तीन महिनाको अवधिमा भने रु एक अर्ब छ करोड मूल्य पर्ने दुई करोड ९२ लाख ६२ हजार दुई सय किलोग्राम धान आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको तीन महिनाको अवधिमा रु ८९ करोड ८२ लाख मूल्य पर्ने ९४ लाख एक हजार ४३६ किलोग्राम चामल आयात भएको छ।

त्यस्तै गत आवको तीन महिनाको अवधिमा पनि रु ४६ करोड ५३ लाख मूल्य पर्ने ३८ लाख ४७ हजार ८०४ किलोग्राम चामल आयात भएको थियो । यहाँ आयात हुनेमा माल्ट, फापर, कोदो, ग्लुटेन, फलफूलको मिठो, मकै वा अन्य अन्नको च्याखलाको पिठो, कनिका, दलहनको पिठोलगायतका १६ थरिका खाद्यान्न आयात हुने गर्छ ।रासस

# एमालेद्वारा महेस बस्नेतको नेतृत्वमा 'युथ भोलेन्टियर फोर्स' घोषणा

भक्तपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले 'युथ भोलेन्टियर फोर्स' गठनको घोषणा गरेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा भक्तपुरको गुण्डुमा जनसङ्गठन समन्वय संयन्त्रले आइतबार आयोजना गरेको विशेष भेलाले फोर्स गठनको घोषणा गरेको हो ।



एमालेको शनिबार बसेको सचिवालय बैठकले गरेको निर्णय आजै कार्यान्वयन गर्दै एमाले पोलिटब्यूरो सदस्य महेश बस्नेतको नेतृत्वमा आज नौ सदस्यीय कमिटी घोषणा गरिएको हो ।

कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य एवं जनसङ्गठन समन्वय संयन्त्रका इन्चार्ज भानुभक्त ढकालले बस्नेतको संयोजकत्वमा विनोद पाण्डे, शक्ति बडाल, मीनबहादुर शाही, पुष्प श्रेष्ठ, वचन देउजा, विनिता काफ्ले, महेश चौलागाईं, निशा लिम्बू गरी नौ जना सदस्य रहनेगरी कार्यसमिति घोषणा गरिएको बताउनुभयो।

> विशुद्ध सामाजिक सेवा र जनतासँग प्रत्यक्ष जोडिने गरी फोर्स परिचालन हुने भन्दै ढकालले कम्तीमा एक लाख युवा कार्यकर्ता फोर्समा आबद्ध गराइने बताउनुभयो ।

उहाँले जिल्ला जिल्लामा फोर्स गठन गरी देश, पार्टी र पार्टी नेताको सुरक्षाका साथै देशमा सामाजिक सेवामा समर्पित रहने गरी फोर्सको परिचालन गरिने बताउनुभयो । विशुद्ध सामाजिक सेवा र जनतासँग प्रत्यक्ष जोडिने गरी फोर्स परिचालन हुने भन्दै ढकालले कम्तीमा एक लाख युवा कार्यकर्ता फोर्समा आबद्ध गराइने बताउनुभयो। नेता बस्नेतले भक्तपुरबाट पहिलोपटक युथ भोलेन्टियर फोर्सको घोषणा गरेको बताउँदै भक्तपुरबाहेक ललितपुर, काठमाडौँ,काभ्रे,रामेछापलगायतका जिल्लामा घोषणा तयारी भइरहेको र सबै जिल्लामा क्रमशः घोषणा गर्ने बताउनुभयो ।

उहाँले आगामी मङ्सिर ५ गते बानेश्वरबाट फोर्सको औपचारिक घोषणा गर्ने र फोर्सलाई ६ गते काठमाडौँमा हुने पार्टीको बागमती प्रदेशको भेला तथा पार्टीको महाधिवेशनमा परिचालन गरिने बताउनुभयो । कार्यक्रममा एमाले ओलीले गुण्डुमा पार्टी नेताका सुरक्षाका लागि खटिएका भूपूसैनिक सङ्गठन, युवा सङ्घ, एमाले भक्तपुर जिल्ला कमिटीलगायतलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो ।रासस

# अनलाइन सञ्चारमाध्यम दर्ता र सञ्चालन सूचना विभागबाटै

काठमाण्डु । अनलाइन सञ्चारमाध्यमको दर्ता तथा सञ्चालनका लागि अब विभिन्न निकाय धाउनु नपर्ने भएको छ।

अनलाइन दर्ता, नवीकरण र प्रेस प्रतिनिधि प्रमाणपत्रका लागि कागजात विभिन्न निकायलाई बुझाउनुपर्ने झन्झट अन्त्य भइ अबदेखि एकै ठाउँमा कागजात बुझाए पुग्ने भएको हो ।

सूचना तथा प्रसारण विभागले अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणलगायतका काम सूचना तथा प्रसारण विभागबाटै हुने जनाएको छ।

विभागले अनलाइन सञ्चारमाध्यमको दर्ता तथा सञ्चालनको अभिलेख राख्ने र सो अभिलेख विभागले नै नियमित रुपमा काउन्सिललाई उपलब्ध गराउने छ । यसले विभिन्न निकायमा कागजात बुझाउनुपर्ने झन्झटको अन्त्य भएको छ । साथै प्रेस काउन्सिलले रु तीन हजार शुल्क लिई अभिलेख सूचीकरण र अभिमुखीकरण गर्दै आएकामा अब सो रकम पनि तिर्न नपर्ने भएको छ।

यसअघि सोही कामका लागि भिन्नभिन्न कागजपत्र बुझाउनुपर्ने झन्झटबारे गुनासो आए पछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समन्वयमा विभागले एकद्वार प्रणाली लागू गरेको हो । यसले सेवाग्राहीलाई सहज हुनका साथै सेवा प्रवाह पनि प्रभावकारी हुने मन्त्रालयको विश्वास छ।

सूचना विभागले आइतबार सूचना प्रकाशित गरी अनलाइन सञ्चारमाध्यमको



अभिलेख विभागले नै नियमित रुपमा प्रेस काउन्सिललाई उपलब्ध गराउने र अभिलेख अद्यावधिक गर्ने प्रयोजनका लागि सेवाग्राहीले पुनः दर्ता प्रमाणपत्रसहितका कागजात प्रेस काउन्सिलमा बुझाउनु नपर्ने जानकारी गराएको छ।

नेपाल राजपत्रमा २०८२ कात्तिक १३ गते प्रकाशित सूचनाअनुसार नेपाल सरकारले छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली, २०८२ जारी भएको छ।

उक्त नियमावलीमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्था गरिएको छ। सोही नियमावलीको नियम ८ (ज) मा सूचना तथा प्रसारण विभागले नियम ८ (क) को उपनियम (४) बमोजिम प्रमाणपत्र प्राप्त गरेका अनलाइन सञ्चार माध्यमको अभिलेख राख्नु पर्ने व्यवथा गरेको छ। सोही व्यवस्था बमोजिम सञ्चारमाध्यमको अभिलेख विभागले नै नियमित रुपमा काउन्सिललाई उपलब्ध गराउने छ।

प्रेस काउन्सिल नेपालले पनि आइतबारै सूचना प्रकाशित गरी संशोधित छापाखाना तथा प्रकाशन नियमावली, २०८२ नेपाल राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आएकाले अनलाइन सञ्चारमाध्यमको अभिलेख तथा सूचीकरण प्रेस काउन्सिलले गर्ने गरी कानुनी व्यवस्था नभएको हुँदा उक्त कार्य प्रेस काउन्सिल नेपालबाट नहुने र अबदेखि सूचना तथा प्रशारण विभागबाटै हुने स्पष्ट पारेको छ।

प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालले संशोधित नियमावलीअनुसार अनलाइनको अभिलेख सूचना विभागले राख्ने र काउन्सिलले अनुगमनको काम गर्ने बताउनुभयो। उहाँका अनुसार यसभन्दा अगाडि पत्रकारले विभिन्न निकायमा छुट्टाछुट्टै कागजात बुझाउनुपर्ने प्रावधान थियो । अब अभिलेख विभागले राख्ने र काउन्सिलले अनुगमनको काम गर्नेछ।

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका-२०७३ (पहिलो संशोध, २०७४) मा दर्ता भएका अनलाइन सञ्चारमाध्यमको अभिलेख प्रेस काउन्सिलले राख्नुपर्ने साथै पत्रकार आचारसंहिता पालना गरे/नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षणसमेत गर्ने व्यवस्थाबमोजिम काउन्सिलले मापदण्ड बनाई रु तीन हजार शुल्क लिई अभिलेख, सूचीकरण र अभिमुखीकरण गर्दै आएकामा केही नेपाल ऐन संशोधन गर्ने ऐन संशोधन गरी सोही बमोजिम छापाखाना तथा प्रकाशन (दोस्रो संशोधन) नियमावली आएको हो ।

यसअघि प्रेस काउन्सिल नेपालले सञ्चारमाध्यमको रुपमा सञ्चालन हुने अनलाइनलाई व्यवस्थित गर्दै जाने उद्देश्यका साथ २०७० साउन १६ गतेदेखि अनलाइन सूचीकरण प्रारम्भ गरेको थियो। ततपश्चात् नेपाल सरकारले २०७३ चैत ७ गतेबाट लागू हुने गरी अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ जारी गरी कार्यान्वयन हुँदै आएको थियो।

सञ्चार मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि नै सञ्चारमन्त्री जगदीश खरेलले सञ्चारमाध्यमसँग सम्बन्धित काम कारबाहीलाई सहज र प्रभावकारी बनाउन एकद्वार प्रणाली लागू गर्न निर्देशन दिँदै आउनुभएको छ । मन्त्री खरेलले विभिन्न सञ्चारमाध्यमका पत्रकार तथा सञ्चारकर्मीसँग अन्तर्क्रिया तथा छलफल निरन्तर गर्दै आउनुभएको छ ।रासस

# सुनसरीमा दुई अर्ब बढीको कृषिउपज नष्ट

धरान । यही कात्तिक १३ र १४ गते परेको बेमौसमी वर्षाले सुनसरीका किसानको पाक्न लागेको धान तथा तरकारीबाली क्षति पुऱ्याएको छ।जिल्लामा लगाइएको धान, तरकारीबालीमा क्षति पुग्दा करिब रु दुई अर्ब बराबरको नोक्सान भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएकोछ ।

केन्द्रका प्रमुख नीलकमल सिंहले जिल्लामा ४८ हजार ९०० हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेकामा वर्षाले करिब १४ हजार ४०० हेक्टरमा क्षति पुऱ्याएको जानकारी दिनुभयो । उहाँका अनुसार धानमध्ये राधाबार, बास्मतीलगायत जातका बालीमा बढी क्षति पुगेको छ।

"अगौटे जातका करिब २० प्रतिशत किसानले धान काटिसकेका थिए, बाँकी हावाहुरी र वर्षाले खेतमा लडाएको छ", सिंहले भन्नुभयो, "अहिलेसम्म करिब नौ हजार ६०० हेक्टर क्षेत्रफलको धान मात्र काटिएको छ। बाँकी बाढी र निरन्तरको वर्षाका कारण कुहिने अवस्थामा पुगेको छ।"

अहिले पनि वर्षा भइरहेकाले किसानले काटेर राखेको धान पनि



उठाउन समस्या भइरहेको उहाँको भनाइ छ। "केही दिनमा घाम लाग्यो भने पानी सुकेपछि लडेको धान निकाल्न सकिन्छ, तर केही गुणस्तर भने घटेरै आउँछ, नभए त्यही कुहिएर जाने अवस्था आउँछ", उहाँले भन्नुभयो।

रामधुनी नगरपालिका-९ का किसान जङ्गबहादुर घिमिरेले दुई बिघा क्षेत्रफमा लगाउनुभएको धान वर्षाले पूरै नष्ट पारेको बताउनुभयो । उहाँका अनुसार वर्षाले खेतमा बाँकी रहेको धान पनि कुहिने अवस्था छ । "करिब १२ कठ्ठा जति धान खान वा गाईवस्तुलाई घाँसका रूपमा प्रयोग गर्न पनि नमिल्ने गरी क्षति भएको छ। दुई दिनको वर्षाले दुई लाखभन्दा बढीको नोक्सानी भयो", उहाँले भन्नुभयो।

घिमिरेले पाकेको धान केही काटेर राखेको भए पनि वर्षाले कुटेर क्षति पुऱ्याएको बताउनुभयो। उहाँले भन्नुभयो, "गत असोजमा आएको वर्षाले खासै नोक्सान गरेन, तर अहिलेको वर्षाले काटेको र काट्न बाँकी धान पूरै नष्ट गऱ्यो। रोपाइँका सकयमा पानीको अभाव भयो, डिप बोरिङमार्फत रोपेको धान पाक्ने बेला वर्षाले तहसनहस बनायो । हाम्रो जीविकापार्जन भनेकै खेती हो, अरु केही पेसा व्यवसाय छैन।"

रामधुनीका किसान सुरकुमार राईले करिब नौ कठ्ठामा लगाएको तरकारी र आठ कठ्ठाको धान बेमौसमी वर्षाले नष्ट पारेको बताउनुभयो । उहाँले भन्नुभयो, "तरकारी फलिसकेको थियो, धान पनि पाक्न लागेको थियो, सबै खेतमै लडायो। यही धान र तरकारी वर्षभरि खाने अन्नको व्यवस्थापन गर्छौं, अब कसरी वर्षदिन गुजारा गर्ने भन्ने चिन्ता छ।"

सुनसरीमा चार सय ५८ हेक्टरमा हुने कोदोखेतीमध्ये करिब १० प्रतिशतमा क्षति पुगेको कृषि ज्ञानमा केन्द्रका प्रमुख सिंहले बताउनुभयो । उहाँले भन्नुभयो, "कोदोको बोट अलिक होचो र बलियो हुने भएकाले कम क्षति भयो ।" आठ हजार १०० हेक्टरमा हुने तरकारीखेतीमध्ये करिब ९५ प्रतिशतमा क्षति पुगेको उहाँले जानकारी दिनुभयो।

प्रमुख सिंहका अनुसार फलेका काँक्रो, परवल, बोडी, घिरौँलालगायत तरकारी तथा बिरुवा पनि नष्ट भएको छ। जिल्लामा ५३० हेक्टर क्षेत्रमा हुने केरा खेतीमध्ये ८० प्रतिशत वर्षाले नष्ट गरेको जनाउँदै उहाँले केही उखुखेतीमा समेत क्षति पुगेको बताउनुभयो।

जिल्लाका देवानगञ्ज, रामधुनी, कोशी, इनरुवा र भोक्राह नरसिंह गाउँपालिकामा सबैभन्दा बढी धान, केरा र तरकारीखेतीमा क्षति पुऱ्याएको ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख सिंहका अनुसार अहिलेसम्म सङ्कलन भएको विवरणमा करिब रु दुई अर्ब ५० करोड बराबरको क्षति भएको छ। रासस


# समयमै बोलपत्र प्रक्रियामा सहभागी हुन आग्रह




काठमाण्डु। सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणालीमा देखिने चापका कारण उत्पन्न हुने समस्या समाधानका लागि पहल भइरहेको जनाएको छ।

बोलपत्रदाताले अन्तिम समयमा मात्र बिड समिसन गर्ने प्रचलन रहेकाले एकै पटक प्रणालीमा अत्याधिक चाप पर्ने गरेको कार्यालयले स्पष्ट पारेको छ। प्रणालीमा देखिने समस्याले बोलपत्र प्रक्रियामा जटिलता उत्पन्न हुने र छुट्ने जोखिम अत्याधिक रहने गरेकाले त्यससँग सम्बन्धित गुनासा आउने गरेको कार्यालयले उल्लेख गरेको छ। विद्युतीय खरिद प्रणालीको सर्भरमा समस्या आएर कुनै पनि प्रयोगकर्ताको पहुँच हुन नसकेमा मात्र कार्यालयले म्याद थप गर्ने गरेको छ।

अन्तिम समयमा चापका कारण प्रणालीमा ढिलाई भएकै आधारमा मात्र म्याद थप गर्न नमिल्ने कार्यालयले विज्ञप्ति मार्फत जानकारी दिएको छ। समयमै बोलपत्र प्रक्रियामा सहभागी हुन र अन्तिम समयको जोखिम नलिन आग्रह गरेको छ। अन्तिम समयमा माग हुने प्राविधि सहायता प्रदान गर्न समस्या पहिचानमा नै समय अभाव हुने स्पष्ट पार्दै कार्यालयले प्राविधिक सहायताका लागि पनि समयमा नै सम्पर्क गर्न सबैलाई आग्रह गरेको छ। कुनै प्राविधिक समस्या देखापरे समयमा नै फोन मार्फत आवश्यक सहजीकरण गर्न कार्यालयले विज्ञप्तिमार्फत अनुरोध गरेको छ ।रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# क्षमताको आधारमा पद देउ

मधेश प्रदेशमा २३ कार्तिकमा मन्त्रिमण्डल विस्तार हुँदैछ। मुख्यमन्त्री जितेन्द्र सोनलले २२ गते विश्वासको मत लिने तिथि निर्धारण गरिएको छ। हाल मधेश प्रदेशमा मुख्यमन्त्री सोनल र दुई जना विना विभागीय मन्त्री जनमत पार्टीबाट महेशप्रसाद यादव र नेकपा एसबाट कनिष पटेल छन्। अन्य दलहरुले मन्त्रीको नाम सार्वजनिक गरेका छैन। नेकपा एमाले र नेपाली कांग्रेसलाई प्रयोग गरी जनमत पार्टीका मुख्यमन्त्री सतीश कुमार सिंहलाई ढाल्ने जनमत पार्टीले पनि सरकारमा पठाउने नाम सार्वजनिक गरेको छैन। कांग्रेस र एमालेको साथ छाडेर सात दलीय गठबन्धनमा समावेश भएका जनमत पार्टीमा मन्त्रीका लागि सर्वाधिक बार्गेनिंग भएको चर्चा चुलिएको छ। विगतमा पनि अध्यक्ष सीके राउतले क्षमताको आधारमा मन्त्री नबनाएको आरोप लागेको थियो। जनता समाजवादी पार्टी( जसपा) नेपाल पनि त्यस्ता आरोपबाट मुक्त हुन सकेन। अहिले पनि जसपा नेपालमाथि त्यो आरोप लागिरहेकै अवस्था छ। नेकपा माओवादीमा लेनदेनको भन्दा पनि शक्ति केन्द्र रिझाउनेले मन्त्री बन्ने गर्छन्। मन्त्री बनेपछि शक्ति केन्द्रको अक्षता चढाउनु पर्ने बाध्यता रहेको बताइन्छ। देशमा भ्रष्टाचार, कुशासन चरमोत्मकर्षमा पुगेपछि त्यस विरुद्ध जेन- जी आन्दोलन भएको दुई महिना हुन लागेको छ। भ्रष्टाचारमुक्त र सुशासनका लागि भएको आन्दोलनको मर्म विपरीत मन्त्री नियुक्तिमा नै लेनदेन हुन थाल्नु दुर्भाग्य हो। ठूला दलका नेताहरु लामो समय सत्तामा रहँदा सर्वाधिक भ्रष्टाचार गरेको हुन सक्छ। तर थोरै समय सत्तामा रहनेलाई भ्रष्टाचार गर्न पार्टीका शीर्ष नेताहरुले नै बाध्य बनाउन थालेका छन्। योग्यता, क्षमताका आधारमा मन्त्रीको जिम्मेवारी दिए जनहितको कार्य हुन सक्छ। भ्रष्टाचार न्यून गर्न मद्दत मिल्ने छ। तर मन्त्री बन्न नै अवैध रुपमा रकमको लेनदेन हुने भएपछि भ्रष्टाचार बढ्नु अस्वभाविक होइन। भ्रष्टाचारको सुरुवात नै अवैध लेनदेन हो। मन्त्री बन्नेहरुले दिने रकम असुली सरकारमा पुगेपछि नै अवैध धन्धाबाट गर्ने छन्। सरकारमा आफ्ना अनुकूलका मानिस पठाउन केही व्यवसायीहरुले पनि लगानी गरेको सुनिन्छ। व्यवसायीको लगानीबाट सरकारमा जानेहरुले उनीहरुको हित हुने गरी नीति, नियम बनाउने, योजनाहरु अनुकूल हुने गरी राख्ने गरेका छन्। मधेश प्रदेशमा यस्ता खेलहरु पहिलो पटक गठन भएको सरकारबाट नै शुरु भएको थियो। नेताका आफन्तहरु लेनदेनका लागि मधेश प्रदेशमा डेरा नै डालेका छन्। उनीहरु योग्य भन्दा रकम बुझाउनेहरुलाई प्राथमिकतामा राखेर सरकारमा पठाउने गर्छन्। सरकारलाई पूर्णता दिन ढिलाई भएसँगै दलालहरु मार्फत अथवा सोझो रुपमा लेनदेनको बार्गेनिंग हुन थालेको बताइन्छ। यसले मधेश प्रदेशमा सुशासनको भन्दा भ्रष्टाचार युक्त शासन हुनेछ। भ्रष्टाचारलाई नियन्त्रण गर्न योग्यता र क्षमता भएकाहरुलाई मात्र सरकारमा पठाउँदा प्रदेश र दलको समेत हित हुनेछ।

# नेपाल कम्युनिष्ट पार्टीको ऐतिहासिक विकास क्रम, वाम एकता र आजको आवश्यकता



प्रेमचन्द्र झा

नेपालमा कम्युनिष्ट आन्दोलनको सुरुवात सन् १९४९ (२००६ साल) मा भएको हो। यसको संस्थापक महासचिव कमरेड पुष्पलाल श्रेष्ठ थिए। नेपालमा राणा शासनको निरंकुशताको विरुद्धमा उठेका विभिन्न राजनीतिक धारहरूमध्ये कम्युनिष्ट विचारधाराले नेपाली समाजमा महत्वपूर्ण प्रभाव पार्न थालेको थियो।

२००६ साल वैशाख १० गते, भारतको कलकत्ताको श्यामबजारमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरियो। यो पार्टीले पहिलो पटक नेपाली जनताका पक्षमा वैज्ञानिक समाजवाद, वर्गीय संघर्ष र सामाजिक न्यायको अवधारणा ल्यायो। २०१० सालमा पहिलो महाधिवेशनमा मनमोहन अधिकारी महासचिव बने। २०१४ सालमा दोस्रो महाधिवेशन पनि मनमोहनकै नेतृत्वमा भयो। २०१७ सालमा केशरजंग रायमाझीले राजा महेन्द्रको 'शाही' कूको समर्थन गरेपछि पार्टीमा ठूलो विभाजन आयो।

२०२८ सालमा झापा विद्रोह भयो, जसलाई मालेले नेतृत्व गर्‍यो। यो सशस्त्र संघर्ष थियो र यसले पार्टीलाई विद्रोही धारतर्फ मोड्यो। कमरेड सीपी मैनाली मालेका महासचिव बने। त्यसपछिका वर्षहरूमा निरन्तर विभाजन र समूहहरूको निर्माण भयो। पुष्पलाल समूह, चाउम, मसाल, मार्क्सवादी, मसाल-मशाल जस्ता दर्जनौं उपसमूहहरू बन्न थाले। नारायणमान विजुक्छेले नेमकिपा गठन गरे। २०३५ मा माले फेरि पुनर्गठित भयो।

२०४६ सालमा प्रजातान्त्रिक आन्दोलनमा वामपन्थी दलहरू अग्रपंक्तिमा थिए। २०४७ मा माले र मार्क्सवादी एकीकृत भई नेकपा (एमाले) बने। यही वर्ष मसालबाट बाबुराम भट्टराई, रूपलाल विश्वकर्मा, चाउम मिलेर एकता केन्द्र गठन भयो। २०५२ साल फागुन १ गते माओवादी जनयुद्ध सुरू भयो, जसले नेपालमा राज्य सत्ता नै हल्लाइदियो। २०५४ मा एमालेबाट वामदेव गौतम अलग भई माले गठन गरे, तर पछि २०५८ मा पुनः एकता भयो।

२०६५ मा माओवादी र एकता केन्द्र मिलेर नयाँ माओवादी पार्टी बने। २०७० मा वैद्य समूह विभाजित भई नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वमा नयाँ पार्टी गठन गरियो। २०७४ सालमा एमाले र माओवादी केन्द्रबीच सातबुँदे सहमति भयो र २०७५ साल जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भयो। २०७७ फागुन २३ गते नेकपा विघटन भयो र एमाले र माओवादी केन्द्र अलग-अलग भए। २०७८ भदौ ९ गते माधवकुमार नेपाल नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) गठन भयो।

नेपालको कम्युनिष्ट आन्दोलनले देशको राजनीति परिवर्तनमा ऐतिहासिक भूमिका निर्वाह गरेको छ। तर, विडम्बना यो थियो कि यो आन्दोलनले एकताको नाममा धेरै पटक विघटन, विभाजन, पुनर्गठन र पुनः एकताको चक्र पूरा गर्‍यो। एकता भएका बेला साझा विचारधारा–मार्क्सवाद, लेनिनवाद र माओवादी सिद्धान्तलाई जग बनाएर पार्टीहरू एक भएका थिए। जनयुद्ध, जनआन्दोलन र राजनीतिक संघर्षको साझा पृष्ठभूमिले उनीहरूलाई एक ठाउँमा ल्यायो। लोकतन्त्रपछिको शक्ति सन्तुलन र संसदीय बहुमत प्राप्त गर्ने लालसाले पनि पार्टीहरूलाई नजिक ल्यायो।

तर, व्यक्तिगत अहंकार नेता नेता बिचको लडाइँ, गुटबन्दी, र आन्तरिक लोकतन्त्रको अभावले गर्दा ती एकता लामो समय टिक्न सकेनन्। सशस्त्र संघर्ष भर्सेज संसदीय मार्ग, संविधानप्रति दृष्टिकोण, शान्ति प्रक्रिया आदिमा देखिएका मतभेदले एकताको जग कमजोर भयो। सत्ताको लालच, प्रधानमन्त्री बन्ने-बनाउने झगडाले गर्दा विचारभन्दा पदले प्राथमिकता पायो।

आजको नेपालमा वामपन्थी विचारधारा कमजोर हुँदै गएको छ भन्ने गुनासाहरू बढ्दो छ। जसले गर्दा वाम एकताको आवश्यकता अझ सशक्त रूपमा महसुस गरिएको छ। बारम्बार सरकार परिवर्तन, गठबन्धन राजनीति र नीति निरन्तरताको अभावका कारण जनतामा राजनीति प्रति विश्वास घटेको छ। आर्थिक रूपमा बेरोजगारी, मुद्रास्फीति, तथा उत्पादनमुखी अर्थतन्त्रको अभावले देशलाई गम्भीर संकटतर्फ डोर्‍याइरहेको छ। जनताको बामपन्थी शक्तिप्रति पनि मोहभंग हुन थालेका छन्।

यस्तो स्थितिमा वाम एकता किन आवश्यक छ? पहिलो, जनतामा नयाँ राजनीतिक विकल्पको आवश्यकता छ। जनताले पुराना पार्टीप्रति विश्वास गुमाउँदै छन् र नयाँ शक्ति खोज्दै छन्। दोस्रो, सशक्त जनप्रतिनिधित्वका लागि–विभाजित वामपन्थी दलहरू कमजोर चुनावी नतिजा ल्याइरहेका छन्, जसले प्रतिगमनकारी शक्तिहरूलाई फाइदा पुर्‍याइरहेको छ। तेस्रो, सैद्धान्तिक स्पष्टताका लागि–एउटै मंचमा बहस गरेर स्पष्ट राजनीतिक र विकासको रणनीति बनाउन सकिन्छ।

> नेपालको राजनीतिक संक्रमण अझै समाप्त भइसकेको छैन। संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता जस्ता मुद्दाहरु कार्यान्वयनको चरणमा छन्। यस्तो अवस्थामा वाम शक्तिहरूले साझा मोर्चा बनाउन नसकेमा देश पुनः अस्थिरतातर्फ जान सक्छ। त्यसैले, वाम एकता केवल राजनीतिक गणित होइन, राष्ट्रको दीर्घकालीन स्थायित्व, विकास र जनताको विश्वास पुनःस्थापना गर्न आवश्यक ऐतिहासिक कार्यभार हो।

तर यस्तो वाम एकता केवल चुनावी तालमेलमा सीमित हुनु हुँदैन। दीर्घकालीन रणनीति, वैचारिक स्पष्टता र राजनीतिक प्रशिक्षण अत्यावश्यक छ। नेताहरूले सैद्धान्तिक अनुशासन पालना गर्नुपर्छ। गुटबन्दी र अवसरवादी प्रवृत्तिलाई अन्त्य गरेर, लोकतान्त्रिक मूल्य र प्रक्रियालाई अंगाल्नु आवश्यक छ। समाजको सबै वर्ग–श्रमिक, किसान, महिला, दलित, आदिवासी, युवा–को हितमा कार्यक्रम ल्याउनु आवश्यक छ। युवालाई आकर्षित गर्ने विचार, संगठन र नेतृत्व विकासको योजना आवश्यक छ।

नेपालको कम्युनिष्ट आन्दोलन केवल राजनीतिक सत्ता प्राप्तिको यात्रा मात्र थिएन, यो समाज रूपान्तरणको आन्दोलन पनि थियो। वर्गीय विभेद, जातीय उत्पीडन, लैंगिक असमानता, क्षेत्रीय पछौटेपन जस्ता सामाजिक मुद्दाहरूमा वाम आन्दोलनको भूमिका निर्णायक रह्यो। यस आन्दोलनले नेपालमा वर्गीय चेतना बढायो। मजदुर, किसान, शिक्षक, स्वास्थ्यकर्मी आदिलाई संगठित गर्दै, उनीहरूका अधिकारको लागि आन्दोलन गर्‍यो। नेपाली इतिहासमा पहिलोपटक 'श्रमिकको सरकार' भन्ने भाषाशैली एमालेका सरकारहरूमार्फत परिचित भयो। न्यूनतम ज्याला वृद्धि, श्रमिक हकहितका कानुन निर्माण, ट्रेड युनियन सुदृढीकरण, कृषिमा जमिनको जोताहालाई जग्गा स्वामित्व दिलाउने नीतिहरू ल्याइए।

कम्युनिष्ट आन्दोलनले जातीय पहिचानको सवाललाई राजनीतिक एजेण्डा बनायो। जनयुद्धको समयमा महिला सहभागिता लगभग ४०% भन्दा बढी थियो। थारू, मगर, लिम्बु, तामाङ, दलित समुदायहरूको राजनीतिक चेतना उच्च बन्यो। लैंगिक समानताको सवालमा महिलालाई नेतृत्वमा ल्याउने प्रयासहरू भएका थिए। उदाहरणका लागि, माओवादी आन्दोलनमा महिला कमान्डरहरूको संख्या उल्लेखनीय थियो।

१९९० को दशकमा विश्वविद्यालय, क्याम्पस र शैक्षिक क्षेत्रका युवाहरू कम्युनिष्ट विचारधाराप्रति आकर्षित भए। जनयुद्धको समयमा हजारौं शिक्षित युवाहरू ग्रामीण इलाकामा गएर 'सामाजिक रूपान्तरणको मिशन' लिए। तर, यिनै युवाहरू पछिल्ला वर्षमा राजनीतिप्रति मोहभंग भएर वैदेशिक रोजगारीतर्फ गएका छन्। त्यसैले, यो आन्दोलनको सामाजिक आधार क्रमशः कमजोर हुँदै गइरहेको देखिन्छ।

नेपालको कम्युनिष्ट आन्दोलन केवल आन्तरिक घटनाबाट प्रभावित छैन। विश्वका प्रमुख कम्युनिष्ट आन्दोलनहरू – चीनको माओवादी क्रान्ति, सोभियत संघको बोल्शेभिक क्रान्ति, भारतको नक्सलवादी आन्दोलन – नेपालका वामपन्थीहरूमा गहिरो प्रभाव परेको छ। एमाले धारले सामूहिक नेतृत्व, संसदीय सहभागिता र उदार समाजवादी मार्ग अँगालेको छ, जसमा सोभियत शैलीको प्रभाव छ। माओवादी धारले माओको सैद्धान्तिक लाइन – सशस्त्र विद्रोह, जनसत्ता, नवजनवादी क्रान्तिलाई अपनायो। भारतमा वामपन्थी आन्दोलनसँग नेपालका वामपन्थीहरूका ऐतिहासिक सम्बन्ध छन्। चीनसँगको सम्बन्धमा, विशेषतः २०६२/६३ को आन्दोलनपछि माओवादी र चीनबीचको कूटनीतिक संवाद महत्वपूर्ण बन्यो।

नेपालको वामपन्थी सफलताप्रति पश्चिमी मुलुकहरूले विशेष ध्यान दिएको पाइन्छ। विशेष गरी जनयुद्धको समयमा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा नेपालको स्थानबारे बहस भएको थियो। अमेरिका, युरोपेली संघ लगायतका देशहरूले माओवादी आन्दोलनलाई 'आतंककारी' सूचीमा राखेका थिए, जुन पछि शान्ति प्रक्रियामा आएका कारण हटाइएको थियो। यसले देखाउँछ कि नेपालको कम्युनिष्ट आन्दोलन केवल आन्तरिक संघर्ष मात्र होइन, अन्तर्राष्ट्रिय भू-राजनीतिक समीकरणसँग पनि सम्बन्धित थियो।

आजको राजनीतिक परिदृश्यमा वाम शक्तिहरू तीनदेखि चार भागमा विभाजित छन् – नेकपा (एमाले) केपी शर्मा ओलीको नेतृत्वमा, नेकपा (माओवादी केन्द्र) प्रचण्डको नेतृत्वमा, नेकपा (एकीकृत समाजवादी) माधवकुमार नेपालको नेतृत्वमा, र विप्लव नेतृत्वको नेकपा, जुन भूमिगत अवस्थाबाट बाहिर आएपनि संगठित शक्ति बन्न सकेको छैन। यी पार्टीहरूको विचार, रणनीति र कार्यशैलीमा आन्तरिक भिन्नता रहँदै आएको छ।

एमालेले संसदीय समाजवाद र राष्ट्रवादलाई जोड दिएको छ, जसमा मध्यमार्गी राष्ट्रियताको स्वरूप देखिन्छ। माओवादी केन्द्रले अझै क्रान्तिकारी सुधारवाद र वर्ग संघर्षको एजेण्डा बोकेको छ, यद्यपि व्यवहारमा सत्तासँग सम्झौता गर्दै आएको छ। एकीकृत समाजवादी बहुलवादी समाजवादको धारणासहित सन्तुलनकारी भूमिका निर्वाह गर्ने प्रयासमा छ।

यी सबैको विचमा विचारगत मतभेद, नेताहरूबीचको अविश्वास, र सांगठनिक स्वार्थले गर्दा वाम आन्दोलन कमजोर हुँदै गएको छ। यसको समाधानका लागि के गर्न सकिन्छ?

वाम एकताका लागि पहिला सैद्धान्तिक सहमति अपरिहार्य छ। सबै वाम घटकहरूले विचार, मार्ग, रणनीति र कार्यक्रमको साझा न्यूनतम दस्तावेज तयार गर्नुपर्छ। 'पुनः क्रान्ति या सुधार' भन्ने बहसको सट्टा सामाजिक न्याय, आर्थिक समानता र समावेशी विकासमा केन्द्रित दृष्टिकोण आवश्यक छ। सांगठनिक अनुशासन र आन्तरिक लोकतन्त्रको अभ्यास बलियो बनाइनुपर्छ। गुटबन्दी, अवसरवाद र नेतावादी प्रवृत्तिहरूको अन्त्य बिना जनताको विश्वास जित्न सकिन्न।

जनमुखी कार्यक्रम, श्रमिक-किसान-विद्यार्थी-महिला-दलित-आदिवासीको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने नीतिहरू निर्माण गर्नुपर्छ। वाम आन्दोलनले फेरि समाजसँग प्रत्यक्ष संवाद गर्न थाल्नुपर्छ। राजनीतिक भाषाशैली, संगठनको संरचना र कार्यशैलीलाई समय सापेक्ष र जनमुखी बनाउनु आवश्यक छ।

नेपालको राजनीतिक संक्रमण अझै समाप्त भइसकेको छैन। संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता जस्ता मुद्दाहरू कार्यान्वयनको चरणमा छन्। यस्तो अवस्थामा वाम शक्तिहरूले साझा मोर्चा बनाउन नसकेमा देश पुनः अस्थिरतातर्फ जान सक्छ। त्यसैले, वाम एकता केवल राजनीतिक गणित होइन, राष्ट्रको दीर्घकालीन स्थायित्व, विकास र जनताको विश्वास पुनःस्थापना गर्न आवश्यक ऐतिहासिक कार्यभार हो।

नेपालको कम्युनिष्ट आन्दोलनले देशलाई मुलुककै आधुनिक इतिहासको आधारशिला बनाउने योगदान दिएको छ। तर आजको सन्दर्भमा यो आन्दोलन दिशाहीन देखिन थालेको छ। निरन्तरको विभाजन, सत्ता मोह, वैचारिक अस्पष्टता र जनताबाट टाढिँदै गएको व्यवहारले गर्दा आन्दोलन संकटमा छ।

यस्तो अवस्थामा, वाम एकता केवल दलहरूबीचको समायोजन होइन, यो राष्ट्रको हितका लागि आवश्यक राष्ट्रिय कार्यभार हो। देशमा सामाजिक न्याय, समानता, समृद्धि र स्थायित्व ल्याउने सम्भावना अझै पनि वाम शक्तिसँग छ, तर त्यसका लागि पुनर्जागरण आवश्यक छ। संगठनलाई विचारभन्दा माथि राख्ने, सत्तालाई सिद्धान्तभन्दा अगाडि राख्ने प्रवृत्तिलाई पराजित नगरेसम्म नयाँ युगको सुरुवात सम्भव छैन।

"इतिहास सधैं बलियो पक्षको साथ रहँदैन – सत्य, प्रतिबद्धता, र जनताको पक्षमा उभिन सक्नेहरू नै दीर्घकालीन विजेता बन्छन्।"

# छ सय वर्षदेखिको इतिहासको साक्षी झुप्राङकोट

वासुदेव पौडेल

ऐतिहासिक एवं धार्मिक महत्वको झुप्राङकोट मन्दिर जहाँ रहेको शिलालाई प्राचीनकालदेखि देवीका रुपमा पूजाआजा गरिँदै आइएको छ। मन्दिर परिसर क्षेत्रबाट उत्तरपूर्वतर्फ चाँदी जस्तै टलक्क टल्कने माछापुच्छे हिमालसहितको मनोरम हिमशृङ्खला त दक्षिण पश्चिमतर्फ पर्यटन राजधानी पोखराको मुख्यबजार क्षेत्रसहितका दृश्य एकैठाउँबाट नियाल्न सकिने हुँदा यहाँ आउने जो कोही लोभिने गरेका छन्।

नेपालका बाइसेचौबिसे राजाहरूको पालादेखिको इतिहास झुप्राङकोटसँग जोडिनुले पनि यहाँको महिमा र गरिमा अझै बढाएको छ। इतिहासविद् ठाकुरप्रसाद त्रिपाठीका अनुसार १५औँ शताब्दीमा तत्कालीन कास्कीकोटका राजा कुलमण्डन शाहका छोरा विदुरजी शाहलाई झुप्राङकोटको मुख्तियारी दिइएको थियो। देब्रे शाहका रुपमा चिनिने उहाँ समयसमयमा त्यहाँ गएर बस्ने गरेको पाइन्छ। विदुरजी शाह पछि त्यहाँको मुख्तियारी आचार्य तथा गुरुङहरूलाई दिइएको थियो। यी विषयलाई आफ्नो पुस्तक नेपाल एकीकरणको जग कास्की राज्यको इतिहासमा लिपिबद्ध गरिएको उहाँले जानकारी दिनुभयो।

एउटा किंवदन्तीअनुसार उक्त स्थानमा प्राचीनकालमा दुई जना झुमा बसेर सिद्धी प्राप्त भएकाले यस ठाउँलाई झुमाकोट हुँदै झुप्राङकोट भनिएको हो। त्यस्तै अर्को किंवदन्तीअनुसार झोमा नाम गरेका व्यक्तिले यहाँको मुख्तियारी पाएर बसेको र झोमा कोट हुँदै झुप्राङकोट भनिएको उल्लेख छ।

तत्कालीन कास्की राज्यको सुरक्षाका लागि पनि यो विशेष महत्वको रहेको बताउँदै त्रिपाठीले त्यस बेलाका लमजुङ राज्यलगायतबाट हुनसक्ने सुरक्षा खतरालाई रोक्नका लागि पनि यो कोट बनाइको हुनसक्ने उहाँले बताउनुभयो। यहाँ नजिकै रहेका सैनिकको परेड खेल्ने मैदान, बङ्कर आदिले यहाँको इतिहासलाई थप प्रष्ट पार्ने उहाँको भनाइ छ।

धार्मिक महत्वको यस कोटका लागि विभिन्न जातजाति र जिम्मेवारीअनुसार गुठी जग्गाको व्यवस्था गरिएको बताउँदै उहाँले यो यस क्षेत्रकै महत्वपूर्ण शक्तिपीठका रुपमा समेत रहेको जानकारी दिनुभयो। मनले चिताएको पुग्ने विश्वासका साथ यस आसपासका गाउँबाट सर्वसाधारण यहाँ श्रद्धाभक्तिपूर्वक पूजाआजाका लागि जाने गरेका छन्।



यस क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिबाट औषधि तयार गरी तत्कालीन अन्य राज्यमा पुर्‍याइने गरेको र यहाँको औषधि दिल्लीका सम्राटको दरबारमा पुग्ने गरेको किंवदन्ती रहेको उहाँले जानकारी दिनुभयो।

ऐतिहासिक एवं पुरातात्विक महत्वका यस्ता कोटको संरक्षण अपरिहार्य भएको पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत रमेशराज पौडेल बताउनुहुन्छ। यस्ता ऐतिहासक सम्पदाको संरक्षणका लागि सरोकारवाला सबैको समन्वय हुनपर्नेमा उहाँले जोड दिनुभयो।

साविक अर्मला-४ मा रहेको यो ठाउँ हाल पोखरा महानगरपालिका-१६ को उत्तरी क्षेत्रमा रहेको छ। यो स्थल समुन्द्री सतहबाट दुई हजार ३०० मिटरको उचाइमा रहेको छ। यहाँको पर्यटकीय विकासका लागि चरणबद्ध रुपमा विभिन्न प्रयास भएका छन्। विसं २०७४ मा गर्लाङ र आसपासका क्षेत्रको पर्यटकीय विकासलाई लक्षित गरी यससँग जोडिएका झुप्राङकोटलगायत स्थानलाई समेटेर अघि बढ्ने प्रयास गरिएको झुप्राङकोट बहुउद्देश्यीय विकास समितिका अध्यक्ष तीर्थ गुरुङले जानकारी दिनुभयो।

उहाँका अनुसार त्यसयता यहाँको विकासका लागि चरणबद्ध प्रयास भएका छन्। यो समिति समाज कल्याण परिषद्मा दर्ता भई कार्य गर्दै आएको छ। "हामी यस क्षेत्रको समग्र पर्यटन प्रवर्द्धन र विकासका लागि निरन्तर लागिरहेका छौँ", उहाँले भन्नुभयो, "प्रचुर पर्यटकीय सम्भावना भएर पनि यहाँ सम्भावनालाई उजागर गर्न नसकिएका अवस्थामा यसको प्रवर्द्धन र विकासले पर्यटनमा धेरै उपलब्धि हासिल हुनसक्ने हाम्रो विश्वास छ।"

झुप्राङकोट धेरै पर्यटकीय सम्भावना बोकेको क्षेत्र भएकाले सबैको सकारात्मक सोच र प्रयासबाट यहाँको पर्यटकीय उपयोग गर्न सकिने अर्का समाजसेवी केशरबहादुर गुरुङको भनाइ छ। प्राकृतिक दृश्यावलोकनसँगै यस क्षेत्रलाई पदयात्रा पर्यटनसँग जोड्न नसकेमा त्यसले झुप्राङकोटसँगै आसपासका गन्तव्यको प्रवर्द्धन र विकासमा पनि विशेष टेवा पुग्ने पर्यटन अभियन्ता टङ्क सुवेदीले बताउनुभयो। पछिल्लो समयमा यहाँको पर्यटकीय सम्भावनालाई उजागर गर्नका लागि स्थानीय जागरुकतासँगै पर्यटन सम्बद्ध निकायको साथ र सहयोग बढिरहेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार झुप्राङकोट जाने सिँढीबाटोका लागि गत वर्ष गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयबाट रु १० लाख विनियोजन भई काम सम्पन्न भइसकेको छ। यस बजेटबाट यहाँस्थित थलाए गौँडाबाट द्वारेगौँडा र कैले पहराबाट झुप्राङकोटसम्म कूल ७०० सिँढी राखिएको छ। यस आर्थिक वर्षमा पनि यहाँका लागि विभिन्न निकायबाट बजेट विनियोजन भएको जानकारी दिँदै सुवेदीले पदमार्ग निर्माणका लागि नेपाल पर्यटन बोर्डबाट रु २० लाख र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशबाट रु १० लाख विनियोजन भएको छ।

त्यस्तै यहाँको विस्तृत गुरुयोजना निर्माणका लागि पोखरा महानगरपालिकाले रु १६ लाख विनियोजन गरेको छ भने पुरातात्विक अध्ययनका लागि पुरातत्व विभागले रु चार लाख विनियोजन गरेको सुवेदीले जानकारी दिनुभयो। यहाँबाट नागीडाँडा, ताराहिल टप, सिक्लेस, कपुचे लेक हुँदै ताङ्तिङसम्म पदयात्रा गर्न सकिने जानकारी दिँदै उहाँले पहिलो दिन झुप्राङकोट बेस क्याम्पमा, दोस्रो दिन नागिडाँडा क्षेत्रमा, तेस्रो दिन सिक्लेस र चौथो दिन ताङ्तिङमा बास बस्न सकिने बताउनुभयो।

यसअघि २०७८ साल पुसमा यहाँका घार्मी ढिकीडाँडा झुप्राङकोटलगायत स्थानलाई समेटेर एकदिने पदयात्रा प्रवर्द्धन कार्यक्रम गरिएको घार्मी डिकीडाँडा झुप्राङकोट नागीडाँडा सिक्लेश पर्यटन पदमार्ग तथा स्थानीय पर्यटन समितिका अध्यक्ष वासुदेव तिमिल्सनाले जानकारी दिनुभयो।

उहाँका अनुसार झुप्राङकोटबाट माछापुच्छ्रे, अन्नपूर्ण, धवलागिरि हिमशृङ्खलासँगै पोखरा उपत्यका, पञ्चासे संरक्षण क्षेत्रका साथै मनोरम प्राकृतिक वातावरण नियाल्न सकिन्छ। प्राचीनकालमा यहाँ थुप्रै गोठ रहे पनि अहिले भने गोठ हराउँदै गएको बताउँदै उहाँले धेरै पर्यटकीय सम्भावना रहेर पनि यसको उजागर हुन नसकेको धारणा राख्नुभयो। विगतमा पनि पोखरालगायत स्थानबाट मानिस बस्ने र खाने खर्चको व्यवस्थापन गरी चित्रा/भकारीको गोठ बनाई यहाँ आएर प्रकृतिसँग रमाउने गरेको उहाँको भनाइ छ।

यहाँबाट उत्तरतर्फ हेर्दा माछापुच्छे, अन्नपूर्णलगायत हिमचुचुरा र अन्नपूर्ण हिमालमा धानको रास र पाथीले मानिस निहुरिएर धान भर्दै गरेको दृश्य प्रष्ट रुपमा देखिने बताउँदै उहाँले माथि हिमशिखर तल बुकी क्षेत्रसँगै हरियाली वन जङ्गलले ढाकिएका कारण पर्यापर्यटनका दृष्टिले पनि यहाँको उत्तिकै महत्व रहेको बताउनुभयो।

सूर्योदयमा चाँदी झैँ टल्कने र सूर्यास्तमा सुन झैँ टल्कने हिमालको दृश्यसँगै यहाँबाट पश्चिमतर्फ माछापुच्छ्रे गाउँपालिकाका भुर्जुङखोला, धिप्राङ, घाचोक, लाहाचोक, ल्वाङ, रिवान, धिताल अस्ताम, एबिसी बेसक्याम्प, अष्ट्रेलियन बेसक्याम्प आदि देख्न सकिन्छ। त्यस्तै, अन्नपूर्ण गाउँपालिकाका ढिकुरपोखरी, लुम्ले, पञ्चासे, कास्कीकोट आदि क्षेत्र पनि एकसाथ अवलोकन गर्न सकिने उहाँले जानकारी दिनुभयो।

दक्षिणतर्फ पोखरा महानगरको मौजा, काहुँ धरहरा, फेवाताल, शान्तिस्तूप, पुम्दीकोट शिव मूर्ति, कान्छीकोट, सराङकोट, पोखराको निर्माणाधीन क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थललगायत क्षेत्रका साथै स्याङ्जाका विभिन्न भागसमेत देख्न सकिन्छ भने पूर्वमा चोकोडाँडा, अर्मलाकोट, तनहुँका भाग तथा लमजुङका हरियाली डाँडाहरू देखिन्छ।

हिउँदको समयमा ढकमक्क फुल्ने लालीगुराँस, सेतो फुल्ने चिमलो र अन्य रङ्गीविरङ्गी वासनादार सुगन्धित फूलका बास्ना यहाँका अन्य आकर्षण हुन्। हिउँदमा नै बन सप्सी, कुभिण्डो, मिठीफल, वैशाख/जेठमा गुहेली, ऐँसेलु, चुत्रो, हिउँदमा कुरिलो, वैशाख जेठमा टुसा, निउरो, हलहलेको साग आदि पाउन सकिन्छ। जडीबुटीको खानी यस क्षेत्रमा निरमसी, गुँदरगानो, तोते, सतुवा पखनबेद, बाटुलपाते, दैचाम्लेलगायत जडीबुटी पाइन्छन्।

चरा पर्यटनको पनि प्रचुर सम्भावना रहेको यहाँ यहाँ विभिन्न प्रकारका चराचुरङ्गी पाइन्छन्। यस क्षेत्रमा कालिज, जुरेली, कोकले, भ्याकुर, डाँफे, मुनाल मालुवाका बथान, चिल, काग, काल्चेलगायत चरा पाइन्छ भने वन्यजन्तुमा बाघ, स्याल, चितुवा, घोरल, मृग, झारल, ब्वाँसो, मलसाप्रो आदि पाइन्छन्। पर्यटन अभियन्ता सुवेदीका अनुसार पर्यटकलाई लक्षित गरी अझै विभिन्न पूर्वाधार विकास अपरिहार्य रहेको यस स्थानमा हाल स्थानीय युवा लीलाबहादुर गुरुङले 'टि हाउस' खोल्नुभएको छ। हालका लागि झुप्राङकोट जाने पर्यटकका लागि हर्पाक या गर्लाङमा बस्नुपर्ने बाध्यता छ।

# स्मार्ट सहरी योजना र विकाससम्बन्धी दुईदिने राष्ट्रिय सम्मेलन सुरु



काठमाण्डु । स्मार्ट सहरी योजना र विकाससम्बन्धी दुईदिने राष्ट्रिय सम्मेलन काठमाडौंमा सुरु भएको छ ।

नेपाल पिएचडी एशोसियसनको आयोजना र विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको सहकार्यमा आजदेखि सुरु भएको उक्त सम्मेलनका वक्ताहरुले व्यवस्थित सहरीकरणलाई अगाडि बढाउनका लागि चाहिने आवश्यक नीतिनियम र विभिन्न देशमा भएका अभ्यासकाबारेमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल विश्वविद्यालयका कुलपति डा विन्दुनाथ लोहनीले स्मार्ट सहर निर्माण गर्दा आवश्यक पूर्वाधार, यातायात, वातावरण, प्रदूषणलाई विशेष ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले स्मार्टसिटीमा हावा, पानी, सौर्य उर्जालगायतलाई समेट्नुपर्ने धारणा राख्नुभयो ।सहरी विकास मन्त्रालयका सहसचिव नवराज प्याकुरेलले सरकारले सहरी नीतिनिर्माण गरी कार्यान्वयनतर्फ लगेको बताउनुभयो । "जसरी योजना र नीति बन्छ, त्यसरी कार्यान्वयन नहुँदा समस्या भएको छ", उहाँले भन्नुभयो । उहाँले सम्मेलनले दिएका सुझावलाई मन्त्रालयले ग्रहण गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

काठमाडौं उपत्यका विकास प्राधिकरणका आयुक्त जानुका ढकालले यसअघि विनाअध्ययन सहर निर्माण गरिएको बताउँदै आगामी दिनमा बन्ने स्मार्ट सहर निर्माणलाई यस्ता सम्मेलनबाट आएका सुझाव र प्रतिक्रियाले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले स्मार्ट सहर निर्माण गर्ने उद्देश्यले विसं २०७४ मा प्राधिकरण स्थापना गरिएको उहाँको भनाइ थियो ।नीति अनुसन्धान प्रतिष्ठानका अध्यक्ष प्रा डा लेखनाथ शर्माले स्मार्ट सहर निर्माण गर्दा पुराना कुरालाई नयाँ बनाउन सकिन्छ कि सकिँदैन भन्ने कुरालाई ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले सहरी नीतिलाई राम्रोसँग कार्यान्वयन गरेर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

पूर्वमन्त्री गणेश शाहले तीनै तहका जनप्रतिनिधिलाई स्मार्ट सहर निर्माणबारे चेतना फैलाउन आवश्यक रहेको उल्लेख गर्नुभयो । स्मार्ट सहर निर्माण गर्दा स्थानीय स्रोतसाधनको अधिकतम प्रयोग आवश्यक रहेको उहाँको भनाइ थियो ।युएन ह्याविटेटका प्रतिनिधि प्रज्ञा प्रधान, डब्लुडब्लुएफका प्रतिनिधि डा घनश्याम गुरुङलगायतले दिगो सहरी विकासका लागि दीर्घकालीन योजना आवश्यक रहेको बताउनुभएको थियो । उहाँहरुले 'पानी रिचार्ज सिस्टम' स्मार्ट सहरको पहिलो प्राथमिकता हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल पिएचडी एशोसियसनका अध्यक्ष डा सुनीलबाबु श्रेष्ठले नेपालमा पछिल्लो समय तीव्र रुपमा सहरीकरण हुँदै गएको भन्दै यसका लागि आवश्यक नीति र योजनाको खाँचो रहेको बताउनुभयो । नेपालमा अहिले ५६ प्रतिशत मानिस सहरमा बसोबास गर्दै आएको उहाँको भनाइ थियो ।

एशोसियसनका अध्यक्ष डा श्रेष्ठले सहरी नीतिलाई केन्द्र सरकारदेखि स्थानीय सरकारसम्म सबैले कार्यान्वयन गरेर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । उहाँले सात वटा बुँदामा रहेर दुई दिनसम्म चल्ने सम्मेलनबाट आएका सुझावलाई काठमाडौं घोषणापत्रकारुपमा जारी गर्ने जानकारी दिनुभयो । काठमाडौं घोषणापत्रलाई कार्यान्वयन गरिने उहाँको भनाइ थियो ।रासस

# महाधिवेशनसम्बन्धी सहमति हुन नसक्दा कांग्रेस बैठक स्थगित



काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको आइतबारको बैठक स्थगित भएको छ । कार्यसमितिको अर्को बैठक यही कात्तिक १८ गते मङ्गलबार दिउँसो १ बजेका लागि तोकिएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य र ७ वटै प्रदेश सभापतिहरूको उपस्थितिका लागि अनुरोध गरिएको छ ।

पार्टीको १५औँ महाधिवेशनको मिति तोक्नेसम्बन्धी प्रस्ताव केन्द्रीय समिति बैठकमा पेस गर्ने बारेमा संस्थापन र संस्थापनइतर पक्षबीच सहमति हुन नसक्दा बैठक स्थगित भएको हो । यसअघि पनि शुक्रबारको बैठक यसरी नै स्थगित गरिएको थियो ।

कांग्रेसमा वर्तमान सरकारले घोषणा गरेको आगामी फागुन २१ गतेको आमनिर्वाचनपछि महाधिवेशन गर्ने वा त्यस अगावै महाधिवेशन गर्ने विषयमा बहस जारी छ । बैठकमा जेनजी आन्दोलन, आन्दोलनका क्रममा भएका तोडफोड र आगजनीका कारण पार्टी कार्यालय र नेताका निवास भएको क्षति, पुनःनिर्माण, विकसित राजनीतिक घटनाक्रम, पार्टीको १५औँ महाधिवेशन, प्रतिनिधिसभा विघटन र आगामी फागुन २१ को निर्वाचन, मुलुकको शान्ति सुरक्षा एवम् सुशासनको अवस्था सम्बन्धमा, प्राकृतिक विपद् र क्षतिपूर्ति तथा पुनःनिर्माण, कार्यसम्पादन समितिको निर्णय र अनुशासनसम्बन्धी व्यवस्थालगायतका विषयमा छलफल जारी चलिरहेको केन्द्रीय सदस्य मदनकृष्ण श्रेष्ठले जानकारी दिनुभयो ।

गत असोज २८ गतेदेखि सुरु भएको कांग्रेस केन्द्रीय समितिको बैठकमा पहिलो दिन सभापति शेरबहादुर देउवाले स्वास्थ्यको कारण देखाउँदै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति तोक्नुभएको थियो । गत भदौ २३ र २४ गते भएका जेनजी आन्दोलनका क्रममा सभापति देउवा दम्पती साङ्घातीक हमलामा परी गम्भीर घाइते हुनुभएको थियो । उहाँहरु अहिले थप स्वास्थ्य उपचारका लागि सिङ्गापुरमा हुनुहुन्छ ।रासस

# राष्ट्रपति पौडेल सोमबार कतार भ्रमणमा जानुहुँदै

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेल कतारको राजधानी दोहामा यही कात्तिक १८ देखि २० गतेसम्म आयोजना हुने 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नुहुने भएको छ ।

कतारका अमिर शेख तमिम बिन हमद अल थानीको निमन्त्रणमा १२ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उहाँ सम्मेलनमा सहभागी हुन सोमबार त्यहाँ प्रस्थान गर्न लाग्नुभएको परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले जानकारी दिनुभयो । राष्ट्रपति पौडेलले कात्तिक १८ गते सम्मेलनको मुख्य सत्रलाई सम्बोधन गर्नुहुनेछ ।

संयुक्त राष्ट्रसङ्घ, महासभाको कतारका अमिर र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विभिन्न विशिष्ट व्यक्तिहरूको भेटवार्ता हुनेछ ।

यसअघि उक्त सम्मेलन १९९५ मा डेनमार्कको कोपनहेगनमा भएको थियो । यसपटक कतारले सम्मेलन आयोजना गरेको हो । सम्मेलनमा वर्तमान विश्वले सामना गर्नुपरेका विकास असमानता, जनसङ्ख्यामा आएको असन्तुलन र प्रविधिका कारण समाजमा परेको प्रभावलगायत विषयमा विभिन्न कोणबाट गहन छलफल हुने बताइएको छ । सम्मेलनले सामाजिक विकासका लागि सहकार्य र सहयोगका विषयमा साझा प्रतिबद्धता जाहेर गर्ने जनाइएको छ ।

सन् १९५५ मा संयुक्त



राष्ट्रसङ्घको सदस्य भएपछि नेपाल शान्ति र स्थायित्वका लागि सधैँ सक्रिय र प्रतिबद्ध रहिआएको छ । हाल नेपाल राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्को अध्यक्ष रहेकाले पनि सम्मेलनमा सहभागिता अर्थपूर्ण छ । कतारको औपचारिक भ्रमण पूरा गरी राष्ट्रपति पौडेल यही कात्तिक २० गते स्वदेश फर्कनुहुने मन्त्रालयले जनाएको छ ।रासस

निर्णयअनुसार हुन लागेको उक्त सम्मेलन सदस्य राष्ट्रका लागि धेरै महत्त्वपूर्ण हुने विश्वास लिइएको छ । भ्रमणबारे जानकारी दिन आज मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सचिव राईले ३० वर्षपछि हुन लागेको सम्मेलनको महत्त्व र गरिमाअनुरूप नेपालबाट राष्ट्रपतिको सहभागिता हुन लागेको उल्लेख गर्नुभयो । सम्मेलनका क्रममा राष्ट्रपति पौडेलसँग

# वायुसेवा निगमका बेथिति अन्त्यका लागि प्रधानमन्त्री कार्कीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले नेपाल वायुसेवा निगमका बेथिति अन्त्यका लागि निगमको सञ्चालक समिति र व्यवस्थापनका अधिकारीहरूलाई गम्भीर हुन निर्देशन दिनुभएको छ । निगमको सुधारका लागि विभिन्न समयमा विज्ञहरूबाट प्राप्त सुझाव प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन दिँदै प्रधानमन्त्रीले संस्थालाई गौरव गर्नलायक बनाउनेतर्फ सम्बद्ध सबै लाग्नुपर्नेमा जोड दिनुभयो ।

निगम व्यवस्थापनमा आबद्ध अधिकारीहरूलाई आज आफ्नो कार्यकक्षमा निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले निगमका विमानको नियमित मर्मतसम्भारलगायत काममा बेथिति रोक्ने, आर्थिक अनियमितता हुन नदिने, सुशासन कायम गर्न जोड दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । साथै उहाँले राजनीतिक दबाबमा नपरी काम गर्न निर्देशन दिनुभयो ।

निगम सञ्चालक समितिका कार्यवाहक अध्यक्ष विक्रम राईले केही दिनमै देखिने गरी सुधारका कदम चाल्ने प्रतिबद्धता जनाउनुभयो ।निगमका निमित्त महाप्रबन्धक जनकराज कालाखेतीले निगम रु १७ अर्ब भन्दा बढीको सञ्चित नोक्सानीमा रहेको जानकारी दिनुभएको थियो ।त्यस अवसरमा अर्थमन्त्री रामेश्वर खनाल, मुख्यसचिव एकनारायण अर्याललगायत उपस्थित हुनुहुन्थ्यो ।रासस



# राजदूत फिर्ता बेलाउने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश



काठमाण्डु । सर्वोच्च अदालतले अन्तरिम सरकारले राजदूतहरू फिर्ता बोलाउन गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ ।

न्यायाधीशहरू शारङ्गा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले आइतबार राजदूत फिर्ता बोलाउनेसम्बन्धी सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, "विभिन्न देशका १७ जना आवासीय राजदूतमध्ये ११ जनालाई मात्र छनोट र पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्दा त्यसको आवश्कता र औचित्य पुष्टि हुने कुनै कारणसमेत निर्णयमा उल्लेख भएको छैन । प्रस्तुत निवेदन अन्तिम आदेश हुँदा ठहर भएबमोजिम हुने हुँदा हाललाई मन्त्रिपरिषद्को २०८२ असोज ३० मा भएको राजदूत फिर्ता बोलाउनेसम्बन्धी निर्णय हाललाई कार्यान्व्यन नगर्नू ।"

यसअघि, न्यायाधीश विनोद शर्माको एकल इजलासले यही कात्तिक ९ गते यस विषयमा लिखित जवाफ माग गरेको थियो । अदालतले दुवै पक्षको छलफलपछि आइतबार अन्तरिम आदेश जारी गर्दै राजदूत फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न भनेको हो ।अधिवक्ता प्रतिभा उप्रेतीले यही कात्तिक २ गते प्रतिनिधिसभा नै विघटन भएको अवस्थामा संसदीय सुनुवाइ हुनसक्ने कुनै गुञ्जायस नै नभएकाले संविधानतः राजदूत नियुक्ति हुन नसक्ने अवस्था नै नभएकाले राजदूत फिर्ता बोलाउने सरकारको निर्णय गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय बदरको मागसहित रिट निवेदन दायर गर्नुभएको थियो ।

गत असोज ३० गते सरकारले कात्तिक २० गतेभित्र ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । फिर्ता बेलाइएका राजदूतमा चीनका प्रा डा कृष्णप्रसाद ओली, जर्मनीका डा शैल रुपाखेती, इजरायलका प्रा धनप्रसाद पण्डित, मलेसियाका डा नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रुसका जङ्गबहादुर चौहान, साउदी अरबका नरेशविक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा दुर्गाबहादुर सुवेदी रहनुभएको छ ।रासस

> "विभिन्न देशका १७ जना आवासीय राजदूतमध्ये ११ जनालाई मात्र छनोट र पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्दा त्यसको आवश्कता र औचित्य पुष्टि हुने कुनै कारणसमेत निर्णयमा उल्लेख भएको छैन ।"

# ढाका बीटीटीएफ-२०२५: नेपालद्वारा पर्यटकीय गन्तव्यबारे विशेष प्रस्तुति

काठमाण्डु । नेपालले बङ्गलादेशको ढाकामा हालै सम्पन्न तीनदिने तेह्रौँ बङ्गलादेश ट्राभल एण्ड टुरिज्म फेयर (बीटीटीएफ) मा पर्यटकीय गन्तव्यबारे विस्तृत विशेष प्रस्तुती गरेको छ ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका कार्यवाहक निर्देशक सुनिल शर्माले नेपालका पर्यटकीय गन्तव्यबारे विस्तृत प्रस्तुति दिँदै नेपाल अनुभवमा आधारित जीवनभर सम्झनलायक गन्तव्य भएको जानकारी गराउनुभयो । त्यसैगरी, बङ्गलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीलेनेपाल-बङ्गलादेशबीचका ऐतिहासिक, सांस्कृतिक र जनजनबीचका सम्बन्ध भएको उल्लेख गर्दै पर्यटन आदानप्रदानलाई अझ सुदृढ बनाउनुपर्ने उल्लेख गर्नुभयो ।

कार्यवाहक निर्देशक शर्माले दिनुभएको जानकारी अनुसार सो अवसरमा टुअर अपरेटर एसोसिएसन अफ बङ्गलादेश (टिओएबी)का अध्यक्ष एमडी रफेउज्जामान र निर्देशक एमडी तस्लिम अमिन (शोभन)ले नेपालबारे चर्चा गर्दै प्राकृतिक र साहसिक गन्तव्य भएको बताउनुभयो ।कार्यक्रममा ढाकामा रहेका नेपाली विद्यार्थीले लोकसांस्कृतिक प्रस्तुति गरेका थिए । यसले दुई मुलुकबीचको सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास गरिएको छ ।




सोही अवसरमा दुईदेशका पर्यटन व्यवसायीबीच 'बीटुबी' अन्तर्क्रिया तथा 'नेटवर्किङ'सत्र पनि भएको थियो । साथै, कार्यक्रमकै क्रममा 'राफल ड्र' आयोजना गरी विशेष 'होलिडे प्याकेज'हरू पनि घोषणा गरिएको थियो ।

यस कार्यक्रममा एक सयभन्दा बढी बङ्गलादेशी टुर अपरेटरहरूसहित दुवै देशका पर्यटन व्यवसायी र सरोकारवाला सहभागी रहेका कार्यवाहक निर्देशक शर्माले बताउनुभयो ।

बङ्गलादेशको सबैभन्दा ठूलो पर्यटन प्लेटफर्म 'बीटीटीएफ' अक्टोबर ३० देखि नोभेम्बर १ सम्म ढाकामा सम्पन्न भएको हो । यसमा नेपाल पर्यटन बोर्ड, नाटा सहित नेपालका १० पर्यटन व्यावसायिक कम्पनीले सहभागिता जनाएका थिए । बोर्डको नेतृत्वमा सहभागी टोलीमा १६ जना टुर अपरेटर, ट्राभल एजेन्सी तथा होटल प्रतिनिधि समावेश थिए । टोलीले साहसिक पर्यटन, प्रकृति, संस्कृति र विशेष विषयका पर्यटन उत्पादन प्रस्तुत गर्दै नेपाललाई बङ्गलादेशी पर्यटकका लागि छोटो दूरीमै पाउने अद्वितीय तथा अर्थपूर्ण गन्तव्यका रूपमा प्रवर्द्धन गरिएको छ ।


यस अन्तरराष्ट्रिय मञ्चले नेपाल पर्यटन बोर्ड र नेपाली पर्यटन व्यवसायीहरूलाई क्षेत्रीय सहकार्य मजबुत पार्न, अन्तरराष्ट्रिय सम्बन्ध सुदृढ बनाउने र नेपाललाई 'जीवनभरको अनुभवको गन्तव्य'का रूपमा प्रवर्द्धन गर्न महत्त्वपूर्ण अवसर प्रदान गर्ने विश्वास गरिएको छ ।रासस

# लोकमार्ग कालोपत्र नभएपछि स्थानीयद्वारा ध्यानाकर्षण

काठमाण्डु । निर्माण व्यवसायीको लापरबाहीका कारण बागलुङको मध्यपहाडी पुष्पलाल लोकमार्गको बिहुँखण्ड अलपत्र परेपछि स्थानीयले शीघ्र काम गर्नुपर्ने भन्दै सरोकार भएका निकायलाई ध्यानाकर्षण गराएका छन् ।

निमार्णाधीन सडक अलपत्र हुँदा आसपासका क्षेत्रमा ढुङ्गा, कङ्क्रिटका कारण खेतीपाती हुन छोडेको, सुन्तलाखेती नभएको र धुलोका कारण स्वास्थ्य बिग्रिएको बताउँदै स्थानीयले आइतबार बागलुङका प्रमुख जिल्ला अधिकारीसमक्ष ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

ध्यानाकर्षण पत्र बुझाउँदै उहाँहरूले ठेकेदारले तत्कालै काम नगरे आगामी मङ्सिर १ गतेदेखि सडक बन्द गर्ने चेतावनी दिएका छन् । दुई वर्षमा कालोपत्र भइसक्ने लोकमार्गको बागलुङ खण्डअन्तर्गत २६



किलोमिटर नौ वर्षसम्म पनि १२ कालोपत्र हुन सकेको छैन । लोकमार्गको बागलुङ बजारबाट घोडाबाँधे खण्डको २६ किमी सडक कालोपत्रका लागि ठेक्का सम्झौता गरेको नौ वर्षसम्म पनि अलपत्र बनेको छ ।

बिहुँ खण्डको १३ किमी सडक पाँच पटक म्याद थप्दा कालोपत्र नभएपछि ठेक्का रद्द गरेर नयाँ सम्झौता गरिएको थियो । नयाँ ठेक्का सम्झौता गरेको एक वर्ष बित्दा भौतिक प्रगति १२ प्रतिशत मात्रै भएपछि स्थानीयले जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गराएका हुन् ।

बागलुङको काठेखोला गाउँपालिका-५ र ६ का स्थानीयले आज प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई ध्यानाकर्षण गराउँदै तत्काल काम अघि बढाउन आग्रह गरिएको गराइएको स्थानीय भरतप्रसाद सापकोटाले बताउनुभयो । उहाँले लोकमार्ग आयोजना कार्यालय पर्वत र निर्माण व्यवसायीले स्थानीयको माग अटेर गरेका भन्दै समस्या समाधानका लागि आग्रह गरिएको उहाँको भनाइ छ ।

काठेखोला गाउँपालिका-५ का वडाध्यक्ष ज्ञामनाथ कँडेल र ६ का वडाध्यक्ष बृहस्पति कँडेलको नेतृत्वमा जिल्ला प्रशासन पुगेको स्थानीयको टोलीले मध्यपहाडी लोकमार्गको तत्कालै काम सुरु नभए आगामी मङ्सिर १ गतेदेखि बागलुङको बिहुँ खण्ड पूर्ण रूपमा बन्द गर्ने चेतावनी दिएका छन् । स्थानीयसहित पुगेको टोलीले सडक बन्दको चेतावनीसहित जिल्ला प्रशासन कार्यालयमा चारबुँदे ध्यानाकर्षण पत्र बुझाएको वडाध्यक्ष कँडेलले बताउनुभयो ।

मङ्सिरसम्म जिल्ला प्रशासन कार्यालय, मध्यपहाडी लोकमार्ग र निर्माण व्यवसायीबीच बैठक बसेर काम अघि बढाउन पहल गर्ने प्रजिअ गुरुङले प्रतिबद्धता जनाउनुभयो । रासस

# प्रधान सेनापतिद्वारा दर्ज्यानीचिन्ह प्रदान

काठमाण्डु । प्रधान सेनापति अशोकराज सिग्देलले उपरथी दर्जामा पदोन्नति हुनुभएका सहायक रथी हिम्मतबहादुर बिष्ट र सहायक रथी विष्णुकुमार खड्कालाई जङ्गी अड्डामा आयोजित आइतबार आयोजित कार्यक्रममा दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ ।

प्रधान सेनापतिले सोही अवसरमा महासेनानी दर्जामा पदोन्नति हुनुभएका पाँचजना प्रमुख सेनानीलाई समेत दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना



निर्देशनालयले जनाएको छ । कार्यक्रममा बलाधिकृत, बलाध्यक्ष, रथीवृन्द, अधिकृतहरुका साथै पदोन्नति हुनुभएका रथीवृन्द तथा अधिकृतका परिवारजनको उपस्थिति थियो ।रासस

# दिल्लीको वायु प्रदूषण नियन्त्रणमा भारतको 'महँगो प्रयोग' असफल

**एएफपी**

नयाँदिल्ली । भारतले आफ्नो फराकिलो राजधानी नयाँदिल्लीमा क्लाउड सिडिङ अर्थात् कृत्रिम वर्षा प्रयोगमार्फत वायु प्रदूषण नियन्त्रण गर्न गरेको प्रयास असफल भएको देखिएको छ । वैज्ञानिक र वातावरणीय अभियानकर्मीहरूले यस कदमको प्रभावकारिता र औचित्यमाथि प्रश्न उठाएका छन् ।



क्लाउड सिडिङमा विमानबाट बादलमा सिल्भर आयोडाइड र नुनजस्ता कणहरू छर्काइन्छ, जसले वर्षा निम्त्याएर वायुमण्डलका प्रदूषकहरूलाई पखाल्ने अपेक्षा गरिन्छ । दिल्ली सरकारले इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी (आइआइटी) कानपुरसँगको सहकार्यमा गत हप्ता सहरका केही क्षेत्रमा सेस्ना विमान प्रयोग गरी परीक्षण सुरु गरेको थियो। तर पातलो बादलका कारण पहिलो परीक्षणबाट अपेक्षित परिणाम नआएपछि अत्यन्त न्यून मात्र वर्षा भएको जनाइएको छ।

वातावरणीय अभियानकर्मी भावरीन कान्धारीका अनुसार यस्तो प्रविधि 'भ्रमपूर्ण' हो । उहाँले भन्नुभयो, "यसले कहिल्यै काम गर्दैन । जबसम्म हामी वायु प्रदूषणका वास्तविक स्रोतहरू हटाउँदैनौँ, तबसम्म समस्या समाधान हुँदैन ।" स्थानीय सञ्चारमाध्यमका अनुसार यस परीक्षणमा सरकारले करिब तीन लाख ६४ हजार अमेरिकी डलर खर्च गरेको छ । हरेक जाडोमा बाक्लो धुवाँले दिल्ली र यसका करिब तीन करोड बासिन्दालाई घेरिरहेको हुन्छ । चिसो मौसममा खेतमा आगो लगाउने, कारखानाबाट निस्किने धुवाँ र सवारीसाधनका उत्सर्जनले वायुमण्डललाई विषाक्त बनाउँछ।

सवारीसाधनमा प्रतिबन्ध, धुवाँ सोस्ने टावर र कुहिरो छर्किने ट्रकजस्ता प्रयासहरूका बावजुद पनि दिल्लीको हावाको गुणस्तर विश्वका राजधानीहरूमध्ये सबैभन्दा खराब अवस्थामा रहेको छ । पछिल्लो परीक्षणको भोलिपल्ट मात्रै क्यान्सर उत्पन्न गर्ने सूक्ष्म कण एः २.५ को स्तर ३२३ पुगेको थियो । यो विश्व स्वास्थ्य सङ्गठनले तोकेको दैनिक सीमा भन्दा करिब २० गुणा बढी हो । विशेषज्ञहरूले यस अवस्थालाई आगामी दिनमा अझ बिग्रिने अनुमान गरेका छन् ।

सन् २००९ देखि २०१९ सम्म भारतमा वायु प्रदूषणका कारण ३८ लाख मानिसको मृत्यु भएको अध्ययन द ल्यान्सेट प्लानेटरी हेल्थ पत्रिकामा प्रकाशित छ । यसबीच, क्लाउड सिडिङमा प्रयोग गरिएका रसायनहरूको दीर्घकालीन प्रभावबारे पनि चिन्ता व्यक्त गरिएको छ । अमेरिकी वातावरणीय संरक्षण एजेन्सीका अनुसार सीमित अध्ययनले सिल्भर आयोडाइडले गम्भीर स्वास्थ्य जोखिम उत्पन्न नगरेको देखाए पनि यसको व्यापक प्रयोगका दीर्घकालीन असरहरू अझै अज्ञात छन् ।

वातावरणीय विज्ञहरूका अनुसार क्लाउड सिडिङले वर्षा गराउन सफल भए पनि यसको प्रभाव अत्यन्तै अल्पकालीन हुन्छ। कर्नेल विश्वविद्यालयका जलवायु वैज्ञानिक डेनियल भिजनीले भन्नुभयो, "यदि हावामा पर्याप्त आर्द्रता छैन भने यो प्रविधिले वर्षा उत्पन्न गर्न सक्दैन । यसले वर्षालाई एक ठाउँमा केन्द्रित गर्न सक्छ, तर प्रदूषण हटाउने स्थायी उपाय होइन ।" उहाँका अनुसार प्रदूषण घटाउने एकमात्र विवेकपूर्ण उपाय भनेको जीवाश्म इन्धनको दहन कम गर्नु हो ।

दिल्लीका सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा) का वीरेन्द्र सचदेवले भने यस प्रयासलाई असफल भनेर खारेज गर्न हतार नगर्न आग्रह गर्नुभयो । उहाँका अनुसार यो अनुसन्धान प्रक्रियाको हिस्सा हो । सफलता सधैँ पहिलो प्रयासमै पाइँदैन ।

तर आइआइटी दिल्लीका वायुमण्डलीय वैज्ञानिक शाहजाद गनी र कृष्ण अच्युतरावले भने क्लाउड सिडिङ योजनालाई 'विज्ञानको गलत प्रयोग र नैतिकताको बेवास्ता गरिएको उदाहरण' भन्नुभएको छ । दिल्लीस्थित सेन्टर फर साइन्स एन्ड इन्भाइरनमेन्टका विज्ञ मोहन जर्जले पनि कृत्रिम वर्षा कुनै दीर्घकालीन समाधान नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "वर्षा रोकिएपछि प्रदूषण फेरि उस्तै स्तरमा पुग्छ ।"

सन् १९४० को दशकमा पहिलोपटक विकसित गरिएको क्लाउड सिडिङ प्रविधि विश्वका विभिन्न देशहरूमा वर्षा गराउन, कुहिरो हटाउन र खडेरी घटाउन प्रयोग गरिँदै आएको छ, तर परिणाम प्रायः मिश्रित नै देखिएका छन् । चीनले पनि सन् २००८ को बेइजिङ ओलम्पिकका क्रममा मौसम नियन्त्रणको प्रयासस्वरूप यस प्रविधिको प्रयोग गरेको थियो।

गनी र अच्युतरावका अनुसार दिल्लीको प्रदूषणका कारणहरू अनियन्त्रित उत्सर्जन र मौसमी बाली जलाउने प्रमुख कारण हुन् भन्ने सबैलाई थाहा छ । समाधान पनि स्पष्ट छ–स्वच्छ इन्धनको प्रयोग, सशक्त फोहोर व्यवस्थापन र नियमको कडा कार्यान्वयन । तर उहाँहरू भन्नुहुन्छ, "यी प्राथमिकताहरूले बलियो बनाउनुको सट्टा वैज्ञानिक समुदायका केही भागहरू र संस्थाहरूले सङ्कटको मूल स्रोतलाई सम्बोधन नगरी थोरै मात्र काम गर्ने महँगो दृश्यलाई विश्वसनीयता दिइरहेका छन् ।"


# प्रमुख सल्लाहकार युनुसद्वारा बङ्गलादेशी सेनालाई चुनावअघि सुरक्षा सुनिश्चित गर्न निर्देशन

**एएनआई**

ढाका । बङ्गलादेशका प्रमुख सल्लाहकार प्राध्यापक मुहम्मद युनुसले आगामी १३औँ राष्ट्रिय संसद् चुनावको तयारीका क्रममा देशभरि शान्ति, सुरक्षा र स्थिरता कायम राख्न सशस्त्र फौजलाई विशेष निर्देशन दिनुभएको छ ।

आगामी फेब्रुअरीको मध्यमा हुने अपेक्षा गरिएको निर्वाचनलाई लक्षित गर्दै उहाँले सेनालाई व्यापक तयारीका साथ जिम्मेवारीपूर्वक खटिन आह्वान गर्नुभएको हो ।

शनिबार साँझ ढाकास्थित स्टेट गेस्ट हाउस जमुनामा आयोजित उच्चस्तरीय बैठकमा उहाँले सेना प्रमुख जनरल वाकर-उज-जमान, नौसेना प्रमुख एडमिरल मोहम्मद नजमुल हसन र वायुसेनाका प्रमुख एयर चिफ मार्शल हसन महमुद खानसँग सुरक्षा व्यवस्थाबारे विस्तृत छलफल गर्नुभएको थियो । सो बैठकमा राष्ट्रिय सुरक्षा सल्लाहकार डा. खलीलुर रहमान पनि उपस्थित हुनुहुन्थ्यो ।



ढाका ट्रिब्युनका अनुसार प्राध्यापक युनुसले विगत १५ महिनादेखि राष्ट्रिय स्थिरता र कानून प्रवर्तनमा सेनाको उल्लेखनीय योगदानप्रति आभार व्यक्त गर्नुभयो । उहाँले स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन गराउने सरकारको प्रतिबद्धतामाथि जोड दिँदै नागरिक प्रशासनसँग नजिकको सहकार्यमा सशस्त्र फौजले राष्ट्रव्यापी रूपमा सुरक्षित र सहज मतदान सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

बैठकमा तीनै अङ्गका प्रमुखहरूले आफ्ना परिचालन योजनाबारे प्रमुख सल्लाहकारलाई जानकारी गराउनुभएको थियो । रिपोर्ट अनुसार देशभर करिब ९० हजा... सेना, दुई हजार ५०० नौसेना ... सयौँ वायुसेनाका जवानहरू चुनाव अवधिभर तैनाथ गरिने तयारी भइरहेको छाप्रत्येकउपजिल्लामा सेनाको एक कम्पनी परिचालन गरिनेछ।

सेना प्रमुखहरूले सो अवसरमा प्रमुख सल्लाहकारलाई नोभेम्बर २१ मा आयोजना हुने सशस्त्र सेना दिवस समारोहमा प्रमुख अतिथि रूपमा उपस्थित रहन निमन्त्रणा पनि दिनुभएको छ ।यसअघि अक्टोबर २२ मा अमेरिकास्थित अन्तर्राष्ट्रिय संस्था इन्टरनेसनल रिपब्लिकन इन्स्टिच्युट (आआरआई) का प्रतिनिधिहरूले प्रमुख सल्लाहकार युनुससँग भेट गरी सन् २०२६ को फेब्रुअरीमा हुने आगामी चुनावका लागि कम्तीमा १० जना अन्तर्राष्ट्रिय पर्यवेक्षक पठाउने योजना सार्वजनिक गरेका थिए।

ढाकास्थित स्टेट गेस्ट हाउस जमुनामा भएको सो बैठकबारे एक्समा युनुसले लेख्नुभएको थियो, "बैठकमा भ्रमणकारी प्रतिनिधिमण्डलले चुनावपूर्वको वातावरण, आवश्यक सुधार र पारदर्शी तथा शान्तिपूर्ण निर्वाचन सुनिश्चित गर्न अन्तर्राष्ट्रिय तथा घरेलु पर्यवेक्षकहरूको भूमिकाबारे विस्तृत छलफल गरियो ।"

प्रतिनिधिमण्डलको नेतृत्व गरेका आइआर ईका निर्देशक समितिका सदस्य क्रिस्टोफर जे. फस्नरले भन्नुभयो, "हामी फेब्रुअरीमा हुने निर्वाचनमा बलियो र विश्वसनीय अवलोकन सुनिश्चित गर्नेछौँ ।" उहाँका अनुसार अन्तर ाष्ट्रिय पर्यवेक्षकहरूको उपस्थिति हिंसाको जोखिम घटाउने र जनस्तरमा निर्वाचनप्रतिको विश्वास बलियो बनाउने प्रमुख माध्यम हुनेछ।

फस्नरले अघिल्ला निर्वाचनहरूसँग तुलना गर्दै यसपटकको राजनीतिक वातावरणमा देखिएको सुधारको प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "अघिल्लो निर्वाचनको अनुभवबाट हामी अहिले सकारात्मक र आशाजनक वातावरण देख्न सकिरहेका छौँ, जुन साँच्चै राम्रो महसुस हुन्छ । यसपटकको चुनाव विगतको भन्दा धेरै व्यवस्थित र पारदर्शी हुने सङ्केतहरू देखिएका छन् ।"

आाइआरआई टोलीमा वरिष्ठ विश्लेषक लिसा कर्टिस, सेन्टर फर ए न्यु अमेरिकन सेक्युरिटी (सिएनएएस) की इन्डो-प्यासिफिक सुरक्षा कार्यक्रम निर्देशक जेसिका किगन, आइआरआईका प्राविधिक विशेषज्ञ स्टीभ सिमा र नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडिआई) का कार्यक्रम निर्देशक जामी स्पिकरम्यान पनि सहभागी हुनुहुन्थ्यो ।

यसअघि अगस्टमा प्रमुख सल्लाहकारको कार्यालयले निर्वाचन आयोगलाई पत्र ...ाउँदै सन् २०२६ ...ब्रुअरीमा रमजान सुरु हुनु अघि नै राष्ट्रिय संसद् निर्वाचन सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारीहरू समयमै पूरा गर्न अनुरोध गरेकोथियो।

# युक्रेनमा रहेका उत्तर कोरियाली युद्धबन्दीद्वारा दक्षिण कोरियामा बस्न अनुमति माग

**एएफपी**

सियोल । युक्रेनमा युद्धकै क्रममा बन्दी बनाइएका दुई उत्तर कोरियाली सैनिकले दक्षिण कोरियामा बस्न पाउन आग्रह गरेको दक्षिण कोरियास्थित मानव अधिकार सङ्गठनले जनाएको छ।

उक्त निवेदन उनीहरूले एउटा वृत्तचित्र फिल्मका लागि गरिएको अन्तर्वार्ताका क्रममा गरेका हुन् । अन्तर्वार्ता ग्योर-इओल नेसन युनाइटेड नामक सङ्गठनको सहयोगमा सम्पन्न भएको बताइन्छ । उक्त सङ्गठनका प्रमुख र उत्तर कोरियाबाट दलबदल गरेका जाङ से-युलका अनुसार सन् २०२४ मा रुसको पक्षमा लड्न करिब १० हजार उत्तर कोरियाली सैनिक युक्रेन पठाइएका थिए भन्ने दक्षिण कोरियाली र पश्चिमी गुप्तचर निकायहरूको मूल्याङ्कन रहेको छ।



जाङका अनुसार दुई जना युद्धबन्दीले अन्तर्वार्ताको अन्त्यमा वृत्तचित्रका निर्मातालाई आफूहरूलाई दक्षिण कोरियामा लैजान अनुरोध गरेका थिए। उक्त अन्तर्वार्ता अक्टोबर २८ मा किएभस्थित एक गोप्य स्थानमा गरिएको थियो, जहाँ उनीहरूलाई युक्रेनी सेनाले कब्जा गरेपछि राखिएको हो।

जाङले भन्नुभयो, "उनीहरूले अन्तर्वार्ताकारकर्तासँग दक्षिणमा लैजाने वाचा गर्न विनम्र अनुरोध गरेका थिए ।"दक्षिण कोरियाको संविधानअनुसार उत्तर कोरियाका नागरिकहरूलाई समेत कोरियाली नागरिकका रूपमा मानिन्छ। त्यसैले सियोलले युक्रेनमा पक्राउ परेका उत्तर कोरियाली सैनिकहरूमा पनि यो अधिकार लागू हुने स्पष्ट पारेको छ।

जाङका अनुसार उक्त अन्तर्वार्ताको भिडियो अहिले सार्वजनिक गरिएको छैन, तर आगामी हप्ताहरूमा प्रकाशन गरिने तयारी भइरहेको छ । उहाँले भन्नुभयो, "हामीले युद्धबन्दीहरूलाई आशा र हौसला दिन दक्षिणमा बसिरहेका दलबदलकारीहरूको भिडियो सन्देश र पत्रहरू देखाएका थियौँ।"ग्योर-इओल नेसन युनाइटेडद्वारा उपलब्ध तस्बिरहरूमा एक युद्धबन्दीले दक्षिण कोरियामा आश्रय पाएका दलबदलकारीहरूका पत्रहरू पढिरहेको देखिन्छ।

यसअघि, फेब्रुअरीमा युक्रेन भ्रमणमा गएका दक्षिण कोरियाली सांसद यु योङ-विनले पनि एक युद्धबन्दीले आफूलाई दक्षिण कोरियामा बस्न दिन अनुरोध गरेको बताउनुभएको थियो । सांसद युले गुप्तचर सेवाको हवाला दिँदै भन्नुभयो, "उत्तर कोरियाली सैनिकहरूलाई बन्दी पर्नुभन्दा आत्महत्या गर्न आदेश दिइएको छ ।"उहाँका अनुसार कैदीहरूले आफ्ना घाइते सहकर्मीहरूले ग्रेनेड प्रयोग गरी आत्महत्या गरेको दृश्य देखेका थिए ।सांसद युले भन्नुभयो, "यदि ती सैनिकहरूलाई उत्तर कोरियामा फिर्ता पठाइयो भने उनीहरूको मृत्यु निश्चित हुनेछ।"

प्योङयाङले यस वर्ष अप्रिलमा मात्र रुसको युद्धमा आफ्ना सेना पठाएको स्वीकार गरेको थियो र केही सैनिक मारिएको पनि पुष्टि गरेको थियो।

उत्तर कोरियाका नेता किम जोङ उनले युद्धमा ज्यान गुमाएका सैनिकका परिवारसँग भेट गरी 'उनीहरूको असहनीय पीडा' का लागि समवेदना प्रकट गर्नुभएको थियो ।यसैबीच सियोलस्थित गुप्तचर एजेन्सीले सेप्टेम्बरमा दिएको विवरण अनुसार युक्रेन युद्धमा करिब दुई हजार उत्तर कोरियाली सैनिक मारिएको अनुमान गरिएको छ।

# अमेरिका-चीनबीच प्रत्यक्ष सैन्य सञ्चार च्यानल स्थापना गर्न सहमति

**एपी**

क्वालालम्पुर ।संयुक्त राज्य अमेरिकाका रक्षामन्त्री पिट हेग्सेथले आइतबार अमेरिका र चीनले सैन्य-सैन्य प्रत्यक्ष सञ्चार च्यानलहरू स्थापना गर्ने सहमति गरेको बताउनुभएको छ। उहाँका अनुसार दुवै मुलुकबीचको द्विपक्षीय सम्बन्ध 'अहिलेसम्मकै उत्कृष्ट अवस्थामा' पुगेको छ।



हेग्सेथले शनिबार राति क्षेत्रीय सुरक्षा सम्मेलनका क्रममा आफ्ना चिनियाँ समकक्षी एडमिरल डोङ जुनसँग भेटवार्ता गर्नुभएको थियो । उहाँले भन्नुभयो, "शान्ति, स्थिरता र राम्रो सम्बन्ध हाम्रा दुवै महान् र शक्तिशाली देशहरूको साझा मार्ग हो भन्नेमा हामी सहमत भयौँ ।"यसअघि उहाँले दक्षिणपूर्वी एसियाली राष्ट्रहरूलाई दक्षिण चीन सागरमा चीनका 'अस्थिर र चुनौतीपूर्ण गतिविधिहरू' विरुद्ध दृढ रहन र आफ्नो नौसैनिक क्षमता सुदृढ गर्न आह्वान गर्नुभएको थियो।

"दक्षिण चीन सागरमा चीनका व्यापक क्षेत्रीय र समुद्री दाबीहरू, विवादहरूलाई शान्तिपूर्ण रूपमा समाधान गर्ने प्रतिबद्धतासँग मेल खान्न", उहाँले आसियानका रक्षा मन्त्रीहरूसँगको बैठकमा भन्नुभयो, "हामी शान्ति चाहन्छौँ, द्वन्द्व होइन। तर हामीले सुनिश्चित गर्नुपर्छ कि चीनले कुनै पनि मुलुकलाई हावी हुन नपाओस् ।" दक्षिण चीन सागर एसियाको सबैभन्दा संवेदनशील र अस्थिर क्षेत्रहरूमध्ये एक हो । चीनले यो सागरको प्रायः सम्पूर्ण भागमाथि दाबी गरेको छ भने आसियानका सदस्य राष्ट्रहरू – फिलिपिन्स, भियतनाम, मलेसिया र ब्रुनाई – ले पनि आफ्नो तटीय स्वामित्व दाबी गरेका छन् । अमेरिकी सहयोगी फिलिपिन्स र चीनबीच यस क्षेत्रमा बारम्बार झडप भइरहेका छन्।

फिलिपिन्सले बलियो क्षेत्रीय प्रतिक्रियाको माग गर्दै आएको भए पनि आसियानले चीनसँगको आफ्नो आर्थिक सम्बन्धलाई ध्यानमा राख्दै सन्तुलन कायम गर्न प्रयास गरिरहेको छ।
हेग्सेथले सामाजिक सञ्जाल एक्समा लेख्दै उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग पनि यस विषयमा कुरा गर्नुभएको र दुवै जना 'अमेरिका-चीन सम्बन्ध पहिलेको तुलनामा अहिले धेरै राम्रो भएको' कुरामा सहमत हुनुभएको बताउनुभयो।

उहाँले भन्नुभयो, "दक्षिण कोरियामा राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीचको ऐतिहासिक भेटले अमेरिका र चीनका लागि दीर्घकालीन शान्ति र समृद्धिको स्वर तय गरेको छ ।" हेग्सेथ हाल भियतनाम भ्रमणका लागि मलेसियाबाट प्रस्थान गर्नुभएको छ। कूटनीतिक स्तरमा अमेरिकाबाट आएको विपरित सन्देश – आसियान बैठकमा कडा चेतावनी र त्यसपछि मेलमिलापपूर्ण अभिव्यक्ति – ले वासिङ्टनले बेइजिङसँगको तनावका बीच सन्तुलित नीति अपनाउने प्रयासलाई प्रष्ट पार्दछ।

दक्षिणपूर्वी एसियाली राजनीतिक विश्लेषक ब्रिजेट वेल्शले भन्नुभयो, "यो स्थिति एक प्रकारको क्षति नियन्त्रण हो। यो अमेरिका भित्र चीनबारे रहेका दुई दृष्टिकोण – एउटा जसले चीनलाई खतरा मान्दछ र अर्को जसले सम्भावित साझेदारका रूपमा हेर्दछ – को प्रतिबिम्ब हो ।"शनिबारको बैठकमा हेग्सेथले चीनले सन् २०१२ मा फिलिपिन्सबाट कब्जा गरेको स्कारबोरो सोललाई हालै 'प्रकृति आरक्ष' घोषणा गरेको कदमको कडा आलोचना गर्नुभयो । उहाँका अनुसार यो कदम चीनले आफ्नो क्षेत्रीय र समुद्री दाबी विस्तार गर्ने अर्को प्रयास हो।

उहाँले आसियान सदस्य राष्ट्रहरूलाई चीनसँग लामो समयदेखि रोकिएको समुद्री आचारसंहिता छिटो टुङ्ग्याउन आग्रह गर्नुभयो। साथै, समुद्रमा उक्साहट रोक्न साझा निगरानी प्रणाली र द्रुत प्रतिक्रिया संयन्त्र निर्माण गर्ने प्रस्ताव गर्नुभयो ।उहाँले भन्नुभयो, "साझा समुद्री डोमेन जागरूकता प्रणालीले कुनै पनि सदस्य मुलुकलाई एक्लो महसुस हुन दिने छैन र आक्रामकता वा उक्साहटको सामना सामूहिक रूपमा गर्न सहयोग पुऱ्याउनेछ ।"उहाँले डिसेम्बरमा हुने आसियान-अमेरिका संयुक्त समुद्री अभ्यासलाई स्वागत गर्दै यसले क्षेत्रीय समन्वय र नेभिगेसन स्वतन्त्रता सुदृढ गर्ने विश्वास व्यक्त गर्नुभयो।

चीनले भने अमेरिकाको आलोचना अस्वीकार गर्दै वासिङ्टनमाथि क्षेत्रीय मामिलामा अनावश्यक हस्तक्षेप गरेको र आफ्नो सैन्य उपस्थिति बढाएर तनाव उक्साएको आरोप लगाएको छ । चिनियाँ अधिकारीहरूका अनुसार चीनका गस्ती र निर्माण गतिविधिहरू वैध हुन् र ती आफ्नै सार्वभौमिक भूभागमा सुरक्षा कायम राख्नका लागि हुन्।

# लन्डन जाने रेलमा छुरा प्रहारः ९ जना गम्भीर घाइते, दुई संदिग्ध पक्राउ

**एपी**

लन्डन। पूर्वी इङ्गल्यान्डबाट लन्डनतर्फ गइरहेको रेलमा भएको सामूहिक छुरा प्रहारको घटनापछि बेलायतभर त्रास र अराजकता फैलिएको छ। आइतबार बिहानसम्म अस्पतालमा रहेका १० जनामध्ये नौ जनाको अवस्था गम्भीर रहेको बताइएको छ। प्रहरीका अनुसार दुई जना संदिग्धलाई नियन्त्रणमा लिइएको छ र उनीहरूको उद्देश्य पत्ता लगाउने कार्य तीव्र गतिमा भइरहेको छ।

आक्रमणको प्रारम्भिक विवरण अझै अस्पष्ट छ। शनिबार साँझ करिब साढे सात बजे लामो दूरीको रेल हन्टिङडन सहरमा आपतकालीन रूपमा रोकिँदा रगतले लथपथ यात्रुहरू बाहिर निस्कँदै थिए। ती यात्रुलाई भेट्न दर्जनौँ सशस्त्र प्रहरीहरू स्टेसनमा पहिल्यै उपस्थित थिए ।स्टेसनमै प्रहरीले तत्कालै दुई जना संदिग्धलाई पक्राउ गरेको थियो। यद्यपि, प्रहरी अधिकारीहरूले उनीहरूको परिचय सार्वजनिक गरेका छैनन् र घटनाको उद्देश्य पनि खुलासा गरिएको छैन। ब्रिटिस ट्रान्सपोर्ट प्रहरीले आतङ्कवाद विरोधी एकाइले अनुसन्धानमा सहयोग गरिरहेको बताएको छ।

रक्षामन्त्री जोन हिलीले स्काई न्युजसँगको अन्तर्वार्तामा प्रारम्भिक मूल्याङ्कन अनुसार यो 'एक पृथक र एकल आक्रमण' भएको विश्वास व्यक्त गर्नुभयो ।ब्रिटिस ट्रान्सपोर्ट प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यो ठूलो घटना घोषणा गरिएको छ। दस जनालाई अस्पतालमा भर्ना गरिएको छ र तिनीहरूमध्ये नौ जनाको अवस्था चिन्ताजनक छ। काउन्टर टेररिज्म पुलिसिङले हाम्रो अनुसन्धानमा सहयोग गरिरहेको छ र हामी घटनाको सम्पूर्ण परिस्थिति र प्रेरणा पत्ता लगाउने प्रयासमा छौँ।"

प्रहरीका अनुसार घातक आतङ्ककारी आक्रमणको सम्भावनामा प्रयोग गरिने 'प्लेटो' नामक राष्ट्रिय कोड शब्दलाई केही समयका लागि सक्रिय गरिएको थियो, तर पछि खारेज गरिएको थियो। प्रमुख उपरीक्षक क्रिस केसिले भन्नुभयो, "हामी घटनाको कारण र प्रकृति पत्ता लगाउन सोधपुछ जारी राखिरहेका छौँ। प्रारम्भिक चरणमा अनुमान लगाउनु उचित हुने छैन।"

यो आक्रमण उत्तरी इङ्गल्यान्डको डोनकास्टरबाट लन्डनको किङ्स क्रस स्टेसनतर्फ गइरहेको रेल क्याम्ब्रिज विश्वविद्यालय सहरभन्दा केही माइल उत्तरपश्चिममा रहेको बजार सहर हन्टिङडन नजिक पुग्दा भएको बताइएको छ ।एक यात्रु ओली फोस्टरले बिबिसीलाई भन्नुभयो, "मैले कसैले 'दौड्नुहोस्, दौड्नुहोस्, त्यहाँ एक व्यक्तिले सबैलाई छुरा प्रहार गरिरहेको छ!' भनेर चिच्याएको सुनेँ। सुरुमा मलाई लाग्यो, सायद यो हेलोविनको मजाक होला। तर जब यात्रुहरू भाग्दै थिए, मैले आफ्नो छेउको सीटमा बस्ने एक जनाको हात रगतले ढाकिएको देखेँ।"

घटनापछि केही मिनेटमै सशस्त्र प्रहरी, एम्बुलेन्स र एयर एम्बुलेन्स घटनास्थलमा पुगेका थिए। हन्टिङडन स्टेसनमा पुगेपछि आक्रमण नियन्त्रणमा आएको बताइएको छ। फरेन्सिक पोशाकमा रहेका प्रहरी अधिकारीहरू र प्रहरी कुकुरहरू प्लेटफर्ममा देखिएका थिए। स्थानीय प्रहरी निकाय क्याम्ब्रिजसायर कन्स्टेबुलरीका अनुसार अधिकारीहरू घटनाको करिब केही मिनेटमै स्थलमा पुगेका थिए।

यस घटनाप्रति बेलायती प्रधानमन्त्री किर स्टार्मरले गहिरो दुःख प्रकट गर्दै भन्नुभयो, "यो एक भयावह घटना हो। मेरा विचारहरू पीडित र उनीहरूको परिवारसँग छन् ।"क्याम्ब्रिजसायर र पिटर बरोका मेयर पल ब्रिस्टोले पनि रेलमा देखिएका 'भयानक दृश्यहरू' बारे दुःख व्यक्त गर्नुभयो ।लन्डन उत्तरपूर्वी रेलवेका अधिकारीहरूले आफ्ना रेलमध्ये एकमा घटना भएको पुष्टि गर्दै सोमबारसम्म उक्त मार्गमा ठूलो अवरोध रहने जनाएका छन्।

# पन्ध्र कट्ठामा तरकारीखेती गरेर वार्षिक रु पाँच लाख आम्दानी

महेन्द्रनगर । कञ्चनपुरको भीमदत्त नगरपालिका-१४ स्थित नयाँ कटानका रानाथारू समुदाय व्यावसायिक तरकारीखेतीबाट मनग्य आम्दानी गर्न थालेका छन् ।

डेढ दशकदेखि तरकारीखेतीमा संलग्न ती समुदायले तरकारीखेतीबाट मनग्य आम्दानी हुन थालेपछि हरेक वर्ष खेती विस्तारमा जोड दिएका छन् । यहाँका नाथुराम रानाले डेढ दशकअघि ७५ बोट भन्टाबाट सुरु गरेको तरकारीखेती गाउँकै पहिचान बनेको छ ।



तरकारी बिक्रीबाट राम्रो आम्दानी हुन थालेपछि उहाँले अहिले १५ कट्ठा क्षेत्रफलमा तरकारीखेती विस्तार गरेको बताउनुभयो । तरकारीखेतीबाट वार्षिक रु पाँच लाख आम्दानी गरिरहेकारानाबाटप्रेरितभएरगाउँका अन्य ४० राना परिवारसमेत अहिले तरकारीखेतीबाटै आत्मनिर्भर छन् ।

गाउँका बारी-बारीमा भन्टा, टमाटर, बन्दा, काउली खुर्सानीलगायतका हरिया तरकारी फस्टाएका छन् । यसै खेतीबाट गाउँलेहरू राम्रो आम्दानी गर्दै जीविकोपार्जन गरिरहेको राना बताउँछन् । "विसं २०६५ मा आफ्नै खेतमा ७५ बोट भन्टा रोपे यति धेरै फल्छ भन्ने मैले कल्पना नै गरेको थिइनँ", उहाँले भन्नुभयो, "भन्टा राम्रो फलेपछि तरकारीखेती गरेर आम्दानी गर्न सकिन्छ भन्ने लाग्यो र अर्को वर्ष आधा कट्ठा जग्गामा लगाएँ ।" भन्टाबाट तरकारीखेतीमा भविष्य देखेका रानाले दोस्रो वर्षदेखि बन्दा, काउली, खुर्सानीलगायत तरकारीखेती विस्तार गर्दै लगिएको छ ।

अहिले खेती विस्तार गरेर पन्ध्र कट्ठामा तरकारीखेती गरेर वार्षिक रु पाँच लाख आम्दानी हुने गरेको राना बताउँछन् । खेती विस्तार गरेपछि आम्दानी पनि बढ्न थाल्यो । "खेती बढाउँदै गएँ, राम्रो आम्दानी हुन थाल्यो, पछि गाउँमा अरुले पनि तरकारीखेती गर्न थाले ।" उहाँले भन्नुभयो, "अरु अन्नभन्दा तरकारीखेतीमा बढी फाइदा हुन थालेपछिगाउँमासबैतरकारीखेतीगर्न थालेका हुन् ।" छ्यालीस परिवारको बसोबास रहेको नयाँ कटानमा ४० परिवार व्यावसायिक तरकारीखेतीमा लागेका छन् । तरकारी खेतीबाट मनग्य आम्दानी हुन थालेपछि यहाँका बन्धु रानाले पनि धान भित्र्याएर हिउँदे तरकारीखेतीमा लाग्नुभएको छ ।

"अहिले हाम्रो गाउँका सबैले तरकारीखेती गर्दै आएका छन्, यसमा अन्य खेतीभन्दा राम्रो आम्दानी हुन्छ", रानाले भन्नुभयो, "मैले पनि हरेक वर्ष तरकारीखेती बढाउँदैछु, अहिले आठ कट्ठामा लगाएको छु ।" उहाँले हिउँदमा तरकारी बिक्री गरेर रु पाँच लाखसम्म आम्दानी हुने गरेको बताउनुभयो । अन्य बालीभन्दा तरकारीखेतीमा तीन गुणासम्म फाइदा हुने भएकाले सिङ्गो गाउँ नै तरकारीखेतीमा लागेको उहाँको भनाइ छ । "सुरुमा तरकारी बोकेर घरघर गएर बिक्री गर्नुपर्थ्यो, बजारको समस्या थियो", रानाले भन्नुभयो, "अहिले महेन्द्रनगर स्थित सब्जीमण्डीमा बिक्री हुन्छ, बजारको समस्या पनि छैन ।"

पछिल्लो समय तरकारीखेतीसँगै रानाथारू घरबास (होमस्टे)समेत सञ्चालन गरेर रानाथारू समुदाय आत्मनिर्भर बनेको छ । तरकारीखेतीसँगै गाउँमा होमस्टे सञ्चालन गरेपछि यहाँका स्थानीय आत्मनिर्भर बनेको रानाथारू होमस्टेका अध्यक्ष पर्शुराम रानाले बताउनुभयो । "पाहुनालाई गाउँकै उत्पादन र परिकारको स्वाद दिन्छौँ", रानाले भन्नुभयो, "यहाँ आउने पाहुनाले हाम्रो खाना र संस्कृति धेरै मन पराउने गर्छन् ।" उहाँले तरकारीखेती र होमस्टे दुवैबाट आय वृद्धि भएसँगै गाउँ अहिले आत्मनिर्भर र उदाहरणीय बस्तीका रूपमा परिचय बनाउन सफल भएको बताउनुभयो ।रासस

# कृषि पेसाबाट मनग्य कमाइ


तेह्रथुम । नेपालको अर्थतन्त्रलाई बलियो बनाउने एक खम्बा हो, कृषि । बहुसङ्ख्यक नेपाली कृषिमै निर्भर छन् । पछिल्लो समय धेरै व्यक्ति कृषि क्षेत्रबाट विमुख हुँदै गएका छन् । खासगरी युवा पुस्ताले कृषि क्षेत्रलाई अँगाल्न छाड्दै गएका छन् ।

वैदेशिक रोजगारी र बसाइँसराइले गाउँका कैयौँ खेतीयोग्य जमिन बाँझिँदै गएका छन् । यद्यपि, तेह्रथुमको म्याङलुङ नगरपालिका-६ मेक्चानाका तिलबहादुर श्रेष्ठ र कृष्णकुमार श्रेष्ठको कृषिकर्म भने जिल्लामै उदाहरणीय छ । पछिल्लो समय गाउँमा सम्भावना छैन भन्दै विदेश पलायन हुने र गाउँघर छाडेर सहर बजार क्षेत्रमा बसाइँ सर्ने प्रवृत्ति बढ्दा खेतीयोग्य जमिन बाँझिँदै गएका छन् ।

म्याङलुङ नगरपालिका-६ मेक्चानाका ५३ वर्षीय कृष्णकुमार र ५६ वर्षीय तिलबहादुर श्रेष्ठले कृषि पेसा अँगालेर गाउँमै लोभलाग्दो आम्दानी गरिरहनुभएको छ । श्रेष्ठ कृषि फार्म खोलेर व्यावसायिक तरकारीखेती गर्दै आउनुभएका तिलबहादुर श्रेष्ठले वार्षिक लाखौँ आम्दानी गर्ने बताउनुभयो । लगानी र आफ्नो निमेक काटेर वार्षिक रु ११ लाख बच्ने गरेको उहाँले सुनाउनुभयो ।

'गर्नेलाई जहीँतहीँ, नगर्नेलाई कहीँ न कहीँ' भनेझैँ गाउँकै जमिनमा व्यावसायिक रूपले तरकारीखेती गरेर श्रेष्ठले मनग्य आर्थिक उपार्जन गरिरहनुभएको हो । उहाँले आफ्नै ३० रोपनी र भाडामा लिएको गरी ४२ रोपनीमा तरकारीखेती गर्दैआउनुभएको छ । उहाँले बारीमा मौसम र बेमौसमका सागसब्जी लगाउने गरेको बताउनुभयो । यसमा काक्रा, घिरौला, बैगुन, स्क्वास फर्सी, करेला, सिमी, क्याप्सिकन, आलु, अकबरे खुर्सानीलगायतका तरकारी बाली छन् ।

करिब डेढ दशकअघि तिलबहादुरले कृषि फार्म दर्ता गरेर व्यावसायिक रूपमा तरकारीखेती गर्दै आउनुभएको हो । उहाँ मौसमी र बेमौसमी दुवै किसिमको तरकारीखेती गर्नुहुन्छ । उहाँको कृषि फार्म विशेषतः अकबरे खुर्सानीका लागि प्रख्यात छ । बट्टामा अकबरे खुर्सानीको अचारसमेत बिक्री गर्ने उहाँले यस वर्ष ११ रोपनीमा अकबरे खुर्सानीमात्र लगाउनुभयो भने आगामी वर्ष त्यसलाई बढाएर ३० रोपनी पुर्‍याउने लक्ष्य रहेको बताउनुभयो ।



"यो वर्ष अकबरे ३० क्विन्टल बेचिसकेँ, अब मङ्सिरको पहिलो सातासम्ममा १० क्विन्टल जति निस्किन्छ", आलु रोप्न खेतालासँगै बारीमा माटो तयार गरिरहेका तिलबहादुरले भन्नुभयो ।

तिलबहादुरसँगै छिमेकी कृष्णकुमार श्रेष्ठले पनि कृषि कर्मबाट पर्याप्त आम्दानी गर्दै आउनुभएको छ । परम्परागत खाद्यान्न बालीसँगै व्यावसायिक पशुपालन र कृषि पेसामा रमाइरहनुभएका कृष्णकुमारले गत वर्ष रु २५ लाख आम्दानी भएको बताउनुभयो । विसं २०६९ मा रङ्गेली कृषि फार्म दर्ता गरी ३२ रोपनी क्षेत्रफलमा तरकारीखेतीमात्र लगाउनुभएका उहाँले पनि अकबरे खुर्सानीलाई विशेष प्राथमिकता दिनुभएको छ ।

यो याममा हालसम्ममा एक हजार दुई सय किलो अकबरे खुर्सानी बेचिसक्नुभएका उहाँले पछिल्लो याममा रोपेको अकबरेले अहिले फल दिइरहेको बताउनुभयो । वैशाखमा रोपिएका लोकल र इलामे लोकल जातको अकबरे खुर्सानी बेचिसकिएको र साउनमा रोपिएका बिरुवाले अब मङ्सिरसम्म उत्पादन दिने श्रेष्ठले बताउनुभयो ।

नातामा दाजुभाइ पर्ने श्रेष्ठद्वयले उत्पादित कृषि उपज करिब चार किलोमिटरको दूरीमा रहेको तेह्रथुम सदरमुकाम म्याङलुङ बजारको शुक्रबारे र मङ्गलबारे हटिया अनि एक किलोमिटरको दूरीमा रहेको जिरी बजारको सोमबारे हटियामा बेच्दै आउनुभएको छ । कतिपय व्यापारी र ग्राहक घरैमा समेत पुग्ने गरेका छन् । अकबरे खुर्सानी धरान, इटहरीलगायत तराईका बजारसम्म पनि खपत हुने गरेको कृष्णकुमारले बताउनुभयो ।

श्रेष्ठद्वयले मल्चिङ प्लाष्टिकको प्रयोग गरेर तरकारीखेती गर्दै आएका छन् । मल्चिङ प्लाष्टिकको प्रयोगले लागत घटाउने उहाँहरूको अनुभव छ । बेमौसमी तरकारीका लागि भने टनेलको प्रयोग गर्नुपर्ने उहाँहरूले बताउनुभयो । पशुपालन तथा तरकारीखेतीलाई एकैसाथ बढाउँदा मलखादको व्यवस्थापन गर्न सहज भएको उहाँहरूले सुनाउनुभयो । यो क्षेत्रकै अगुवा किसानका रूपमा श्रेष्ठद्वयलाई कृषि ज्ञान केन्द्र, नगरपालिका, घरेलु तथा सानो उद्योग कार्यालयले समेत अनुदान, उपकरण र तालिमलगायतका सहयोग प्रदान गर्दैआएको छ ।


तिलबहादुरको श्रेष्ठ कृषि फार्म र कृष्णकुमारको रङ्गेली कृषि फार्मलाई कृषि ज्ञान केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा तरकारी बालीमा नमूना फार्म स्थापनाका लागि रु तीन-तीन लाख अनुदान प्रदान गरेको केन्द्रका निमित्त प्रमुख विशाल राईले बताउनुभयो । उहाँका अनुसार कृषि ज्ञान केन्द्रको धनकुटा तेह्रथुम कार्यक्षेत्र रहेका बेलामा समेत धनकुटाबाट पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत उहाँहरूको तरकारी बालीको ब्लक विकास सञ्चालन गरिएको थियो । कृष्णकुमार र तिलबहादुरको लामो समयदेखि जिल्लामा ताजा तरकारी उत्पादनमा योगदान रहेकाले उहाँहरुले तत्कालीन कृषि विकास कार्यालयमार्फत पनि विभिन्न अनुदान प्रदान गरिएको देखिएको प्रमुख राईले बताउनुभयो ।

परम्परागत कृषिखेती गरिरहनुभएका श्रेष्ठद्वयले २०५८ सालमा खोलाखेत बाढीले बगाएपछि तत्कालीन गाउँ विकास समितिबाट राहतमा पाएको काक्रो, भिन्डी, लौका, स्क्वास फर्सीको थोरै बीउबिजनबाट तरकारीखेतीमा हात हालेका थिए । एउटा गरा बारीबाट सुरु भएको उहाँहरुको तरकारीखेती थुप्रै रोपनीमा विस्तार भई लाखौँ आम्दानी दिन सफल हुँदा तिलबहादुर र कृष्णकुमार खुसी हुनुहुन्छ । पौरख गर्न सके गाउँघरमै कृषि पेसाबाट मनग्य कमाइ गर्न सकिने उदाहरण बन्नुभएका उहाँहरू बेरोजगार युवालाई इलम गरेर स्वरोजगार बन्न आग्रह गर्नुहुन्छ ।रासस

# निकुञ्जभित्रको हुलाकी सडकमा मोज्याक टायल

चितवन । विश्वसम्पदा सूचीमा परेका कारण कालोपत्र हुन नसकेको हुलाकी सडकको चितवन राष्ट्रिय निकुञ्जभित्रका सडकमा मोज्याक टायल लगाइने भएको छ । माडी नगरपालिकाले चालु आर्थिक वर्षबाट 'मोज्याक' लगाउन सुरु गर्न लागेको हो ।

माडी नगरपालिकाका प्रमुख तारा काजीकुमारी महतोका अनुसार कालोपत्र गर्न नमिलेपछि सडकलाई धुलोरहित बनाउन मोज्याक टायल लगाउन लागिएको हो । सडकको भागमध्ये सात मिटरमा मोज्याक टायल लगाउन लागिएको हो । यसका लागि वन मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई आवश्यक सहजीकरण गरिदिन पत्राचार गरिसकेको छ । विभागले चितवन राष्ट्रिय निकुञ्जलाई सडकमा मोज्याक टायल लगाउनका लागि आवश्यक सहजीकरण गर्न पत्राचार गरेको छ ।



प्रमुख महतोले चालु आर्थिक वर्षमा नगरपालिकाले मोज्याक टायलका लागि रु पाँच करोड ५० लाख विनियोजन गरेको छ । सो रकमले काम थालनी गर्ने उहाँको भनाइ छ । राजमार्गस्तरको बाटोमा नेपालमा अहिलेसम्म मोज्याक टायल नलगाइएकाले लागत अनुमान गर्न कठिन भएको छ ।

नगरपालिकाले सडक विभाग र निकुञ्जका प्राविधिकको परामर्शमा लागत अनुमान तयार गर्ने काम गरिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "राजमार्गमाबलियोसंरचनानिर्माण गर्नुपर्ने भएकाले कालोपत्रभन्दा महँगो हुँदोरहेछ, यो वर्ष हाम्रो रकमले थोरै क्षेत्रमा काम हुन्छ ।" यसको प्रभावकारितालाई हेरेर आगामी वर्षको बजेटमा सङ्घ, प्रदेश र पालिकाले बजेट विनियोजन गरी थप काम गर्ने उहाँको भनाइ छ ।

कसराको राप्ती पुलबाट रिउखोलासम्म करिब नौ किलोमिटर सडक निकुञ्जभित्र पर्दछ । त्यसमध्ये राजपत्रमा प्रकाशित भएको सुविधा प्राप्त बाटो भनी उल्लेख गरेको रिउ खोलादेखि ध्रुव पोष्टसम्मको सडकलाई पहिलो प्राथमिकता राख्न लागिएको छ । करिब पाँच किलोमिटर सडक रहेको सुविधा प्राप्त बाटोको काम सुरुमा गरिने प्रमुख महतोले जानकारी दिनुभयो ।

निकुञ्जका सूचना अधिकारी अविनाथ थापामगरका अनुसार विभागले मन्त्रालयमा भएको सहमतिअनुसार सडकमा मोज्याक टायल लगाउनका लागि आवश्यक सहजीकरण गरिदिन पत्र पठाएको छ । उहाँले भन्नुभयो, "काम माडी नगरपालिकाले गर्दैछ, आवश्यक सहजीकरण हामीले गर्छौं ।"

माडीका नागरिकले पटकपटक सो सडकलाई धुलोरहित बनाउन माग गर्दै आएका थिए । जेनजी आन्दोलनका क्रममा माडीमा कुनै सरकारी वा निजी सम्पत्तिमाथि आक्रमण नगर्ने तर निकुञ्जभित्रको सडक निर्माण गर्ने सहमति भएको थियो । सोहीअनुसार माडीका आन्दोलनकारीले सो क्षेत्रमा कुनै पनि संरचनामाथि आक्रमण गरेका थिएनन् । त्यसलगत्तै माडीका जनप्रतिनिधि, आन्दोलनकारी, राजनीतिक दललगायत सरोकारवालाहरुले वन तथा वातावरण मन्त्रालयमा पुगेर सडकमा कालोपत्र नगर्ने तर मोज्याक वा ढुङ्गा लगाएर धुलोरहित बनाउने सहमति गरेका थिए । माडी जान चितवन राष्ट्रिय निकुञ्ज हुँदै पुग्नुपर्ने हुन्छ । माडी क्षेत्रलाई सबैतिर जङ्गलले घेरेको छ । उर्वर भएर पनि सो क्षेत्रका बासिन्दा वन्यजन्तुबाट प्रभावित छन् । सदरमुकाम भरतपुर आवतजावत गर्ने यो मात्रै सडक हो ।रासस

# नर्सरीबाट वार्षिक ४० लाख आम्दानी

धरान । इटहरीका सफल उद्यमी केदार अधिकारी फूल र बिरुवाको व्यवसायमार्फत आत्मनिर्भर बन्नुभएको छ । बाल्यकालदेखि नै बोटबिरुवासँगको माया बोकेका उहाँले पुर्ख्यौलीपेसालाईनिरन्तरतादिँदै२०४३ सालमा इटहरी उपमहानगरपालिका-६ मा 'पशुपति नर्सरी' स्थापना गर्नुभयो । सुरुआतमा करिब रु दुई लाख ५० हजार लगानीमा सुरु गरिएको यो नर्सरी अहिले रु एक करोडभन्दा बढी लगानीमा रुपान्तरण भएको छ । यही नर्सरीबाट वार्षिक रु ३५ लाखदेखि रु ४० लाखसम्म आम्दानी हुने गरेको अधिकारी बताउनुहुन्छ ।

अधिकारीका हजुरबुबा र बुबाले फूल तथा बिरुवाको व्यवसाय सुरु गर्नुभएको थियो । हजुर बुबाबाट प्रेरित भएर उहाँका बुबाले सुपारीको बिरुवा उत्पादन सुरु गर्नुभयो । अधिकारीले भन्नुभयो, "बुबा सुपारीका बिरुवादेखि विभिन्न प्रजातिका फूल र फलफूलका बिरुवा उत्पादन गरेर बिक्रीका लागि वीरगञ्ज, बुटवल, नारायणगढसम्म पुग्नुहुन्थ्यो ।"

सानो उमेरमा बुबासँगै बिरुवामा पानी हाल्ने, गोडमेल गर्ने र फूल रोप्ने काम अधिकारीका लागि खेलभन्दा पनि बढी खुसीको विषय थियो । उहाँ सम्झनुहुन्छ, "बुबा बिरुवा रोप्नुहुन्थ्यो, म त्यसमा पानी हाल्थेँ । त्यसैमा सन्तोष मिल्थ्यो, त्यही कामप्रति मोह र लगाव बढ्दै जाँदा पछि यहीँ पेसा रोजे । फूल र बिरुवासँगको सम्बन्ध मेरो आत्मासँग गाँसिएको छ ।"

केही समयअघि मात्र क्यानाडा पुग्नुभएका अधिकारीलाई त्यहाँको आधुनिक जीवनशैलीले लोभ्याए पनि मन भने सधैँ नेपालमै थियो । उहाँलाई अरूको देशमा गएर दुःख गर्नुभन्दा आफ्नै ठाउँमा सानो भए पनि व्यवसाय गर्नु गर्वको कुरा लाग्यो । दुई वर्ष नबित्दै स्वदेश फर्किएर अधिकारी अहिले इटहरीमा तीन नर्सरी शाखा स्थापना गरी सञ्चालन गरिरहनुभएको छ ।

हाल अधिकारीको नर्सरीमा सात युवाले प्रत्यक्ष रोजगारी पाएका छन् । "देशमै बस्न पाउनु, यहीँ आम्दानी हुनु र अरूलाई पनि रोजगारी दिन सक्नु साँच्चिकै सन्तोषको कुरा रहेछ", अधिकारी भन्नुहुन्छ । रासस


## सिलबन्दी कोटेशन सुचना सम्वन्धमा

मिति :- २०८२/७/१७

नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालय सामुदायिक विकास विभाग तथा आई एफ आर सि अर्न्तगत आपतकालिन राहत कोष (DREF) वाट गरिएको अपिल स्विकृत भै प्राप्त आर्थिक सहयोगमा रौटहट जिल्लामा सन् २०२५ अगष्त देखि **Drought Response Operation 2025** कार्यक्रम संचालन भैरहेको छ ।

उक्त कार्यक्रम सञ्चालित समुदायमा तत्काल खानेपानी वितरणमा सहजताका लागि तपसिल बमोजिमको संख्यामा तपसिल बमोजिमको स्पेसीफिकेशन बमोजिमको खानेपानी ट्याङ्की स्ट्याण्ड आवश्यक भएकाले भ्याटमा दर्ता भएका फर्म/सप्लार्यसहरु वाट सिलबन्दी कोटेशनका लागी यो सुचना जारी गरीएको छ । इच्छुक फर्म/सप्लार्यसले यो सुचना प्रकाशन भएको मितिले ७ दिन कार्यालय समय भित्रमा फर्म/सप्लायर्स दर्ता नविकरणको प्रतिलिपी कर चुक्ताको प्रतिलिपी समेतका कोटेशनमा आवश्यक कागजात संलग्न गरी तलको स्पेसीफिकेशन अनुसारको दर रेट सहितको कोटेशन नेपाल रेडक्रस सोसाईटी रौतहट जिल्ला शाखा गौरमा आईपुग्ने गरी उपलब्ध गराउनका लागी यो सुचना जारी गरिएको छ ।

**तपसिल :**

१. खानेपानी ट्याङ्की ५००० लि राख्ने स्ट्याण्ड - थान ५ (प्रति थान तयारी कुल ३२० देखी ३३० केजी)
(लम्वाई ८० इन्च, चौडाई ८० इन्च, उचाई ५ फिटमा बेस राखी सो बाट ओभर ल्याप ३ फिट, चारवटा खुट्टा, बेस, वेसको तलको सपोट र तलको फेरो साढे २ इन्च फलाम एङ्गल, ओभर ल्याप र खुट्टा क्रस २ इन्च फलाम एङ्गल, बेसको पाता डेढ इन्च (४०/५) फलाम पाता, ओभरल्याप फेरो २ इन्च एङ्गल)

**नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखा ०५५-५२०१४१**



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०७/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८२/०८/०१ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा**

**बोलपत्र खोलिने मिति/समय** — **२०८२/०८/०३ गते, बुधबार दिनको ३ बजे**

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">ऋणीको नाम, ठेगाना</th></tr>
<tr><td rowspan="6">१.</td><td colspan="2">नाम : गुरु ड्रिकिङ्ग वाटर<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योगको कार्यालय, धनुषा, जनकपुरधाम<br>प्रा.फ.द.प्र.प.नं. ८३१८/४२/०७२/०७३, दर्ता मिति : २०७२/०४/३१, पान नं. ६०८१४५२४०, दर्ता मिति : २०७५/०४/२०<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४, प्रोप्राईटर : बिक्रम मण्डल</td></tr>
<tr><td colspan="2">जमानतकर्ताको विवरण</td></tr>
<tr><td>१. नाम : बिक्रम मण्डल<br>ना.प्र.नं. ३९६९२५५५, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५०/०९/२६<br>बाबुको नाम : रामदेव मण्डल<br>बाजेको नाम : कारी मण्डल<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६</td><td>२. नाम : अनरीया देवी मण्डल<br>ना.प्र.नं. १७/४४४९००१४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४३/०९/०१<br>पतिको नाम : रामदेव मण्डल<br>ससुराको नाम : कारी मण्डल<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६</td></tr>
<tr><td colspan="2">३. नाम : लक्ष्मी देवी<br>ना.प्र.नं. ३९६९६७०८, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०१/१८<br>पतिको नाम : विकम मण्डल, ससुराको नाम : रामदेव मण्डल<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६</td></tr>
<tr><td colspan="2">धितोको विवरण</td></tr>
<tr><td colspan="2">१. अनरीया देवी मण्डलको नाममा मालपोत कार्यालय जनकपुधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.नं. १२२, ५३, ५०, ३२ र ३६ को क्षेत्रफल क्रमशः १०२.६०, ५४९.८२, ६९१.९८, ५५१.१५ र १८१.५१ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. बिक्रम मण्डलको नाममा मालपोत कार्यालय जनकपुधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.न. २ को क्षेत्रफल ६८६.३० व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
</table>

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# ‘हरियो, स्वच्छ र आकर्षक सहर’ अभियान

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकालाई जनामा स्वच्छ, हराभरा र सुन्दर बनाउनका लागि ‘हरियो, स्वच्छ र आकर्षक वीरगञ्ज’ अभियान थालनी भएको छ।



वीरगञ्ज महानगरपालिकाको कार्यालय, सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वाटर वीरगन्ज र ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा ‘हरियो, स्वच्छ र आकर्षक वीरगञ्ज’ अभियानको भव्य शुभारम्भ गरिएको छ।

वीरगञ्ज महानगरपालिका-१६ स्थित मितेरी पुल क्षेत्रबाट शुरु गरिएको अभियानको उद्देश्य वीरगञ्जलाई हरियालीयुक्त, प्रदूषणमुक्त र पर्यटनमैत्री सहरको रूपमा विकास गर्नु रहेको जनाइएको छ।

कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं. १३ गणका एसपी पुरनचन्द्र भट्ट, वीरगञ्ज भन्सार कार्यालयका डिएसपी पुरुषोत्तम भण्डारी, सशस्त्र प्रहरीको टोली, नगर प्रहरी, वीरगन्ज महानगरपालिकाका प्रतिनिधिहरु, सामुदायिक प्रहरीका प्रतिनिधि तथा स्थानीय सरोकारवाला विशिष्ट व्यक्तिहरूको सहभागी थिए।

सो क्रममा महानगरपालिकाको डोजर प्रयोग गरी मितेरी पुल आसपासको क्षेत्रमा बृहत सरसफाइ कार्य सञ्चालन गरिएको थियो । फोहोर व्यवस्थापन, सडक छेउका झाडी हटाउने तथा हरियाली विस्तारका कार्यसमेत सम्पन्न गरिएको छ।

ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रले सशस्त्र प्रहरी र स्थानीय निकायसँग मिलेर ‘ हरियो वीरगञ्ज, स्वच्छ वीरगञ्ज’ अभियानलाई दीर्घकालीन रूपमा अघि बढाउने तयारी रहेको जनाइएको छ।

उक्त अभियानअन्तर्गत भन्सार क्षेत्र, आदर्शनगर, बाइपास रोड, परवानीपुरदेखि रक्सौलसम्मको सडक किनारामा वृक्षारोपण, फोहोर व्यवस्थापन, र सरसफाइका स्थायी उपायहरू लागू गरिनेछ।

# भ्रष्टाचारविरुद्ध आन्दोलन गर्ने युवामाथि मुद्दा दायर

**टुडे समाचारदाता**

रौतहट । बाराको आदर्श कोतवाल गाउँपालिकामा भ्रष्टाचार र अनियमितताविरुद्ध लामो समयदेखि शान्तिपूर्ण आन्दोलन गर्दै आएका युवा अभियन्ता प्रदीप कुशवाहा र डिके सिंह (दिवेश सिंह) माथि प्रहरीले झूटो आगजनी मुद्दा दर्ता गरेको भन्दै स्थानीय युवाहरू आन्दोलित भएका छन्।



आन्दोलनरत समूहका अनुसार वार्ताको नाममा बोलाएर प्रहरीले कुशवाहा र सिंहलाई नियन्त्रणमा लिएपछि गाउँभर आक्रोश फैलिएको छ। उनीहरूको विना सर्त तुरुन्त रिहाइको माग गर्दै आजदेखि गाउँपालिकाको स्वास्थ्य शाखाबाहेक सम्पूर्ण सरकारी कार्यालय, निजी तथा सार्वजनिक विद्यालयहरू र स्थानीय व्यवसाय अनिश्चितकालीन रूपमा बन्द गरिएको छ।

आन्दोलनकारी युवाहरूले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, गत भदौ २७ गतेदेखि गाउँपालिकामा स्ट्रिट लाइट जडानमा अनियमितता, बजेट दुरुपयोग र भ्रष्टाचारविरुद्ध तालाबन्दी गर्दै आएका थिए।

आन्दोलन शान्तिपूर्ण रूपमा सञ्चालन भइरहेको अवस्थामा गाउँपालिकाका केही कर्मचारी र जनप्रतिनिधिहरूलेमिलेमतोमालेखाशाखामा आगो लगाई अभियन्ताहरूलाई फसाउने षड्यन्त्र गरेको उनीहरूको आरोप छ। आन्दोलनकारीहरूले प्रहरी प्रशासन र गाउँपालिकाको मिलेमतोमा युवा आवाजलाई दबाउने प्रयास भइरहेको भन्दै यसप्रति घोर आपत्ति जनाएका छन्।

उनीहरूले चेतावनी दिएका छन् – “न्याय नपाएसम्म आन्दोलन अझ सशक्त रूपले जारी रहनेछ।”

यसबीच प्रहरी पक्षले भने घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जनाएको छ। स्थिति नियन्त्रणमा भए पनि गाउँमा तनावपूर्ण शान्ति कायम रहेको स्थानीय स्रोतले जनाएको छ।

# जानकी मन्दिरमा समाचकेवा महोत्सव

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा समाचकेवा महोत्सव २०८२ शुरु भएको छ।

जनकपुरधामस्थित जानकी मन्दिरको प्रांगणमा आइतबारदेखि शुरु भएको सामाचकेवा महोत्सवमा देशका विभिन्न जिल्लाबाट आएका १४ वटा टिमको सहभागिता रहेको मैथिली विकास कोषले जनाएको छ।

मौलिक मैथिली संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले आयोजना भएको समाचकेवा महोत्सवमा सुनसरी जिल्लाका थारु समुदायका एक टिमको सहभागिता रहेको कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिए।

राजर्षि जनक विश्व विद्यालयका उपकुलपति प्राध्यापक डा. अमर प्रसाद यादव, मैथिलानी अगुवाहरू तथा संस्कृति विद्हरूको सहभागिता रहेको छ। सो महोत्सवमा उत्कृष्ट प्रदर्शन गर्ने समूहलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको छ। मैथिली लोक संस्कृतिको रुपमा रहेको सामाचकेवा पछिल्लो केही वर्षदेखि जनकपुरधाममा भव्य कार्यक्रमहरु पनि हुन थालेको छ।



# बर्दिवासमा १९ जुवाडे पक्राउ

**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरीको बदिवास नगरपालिकामा विभिन्न स्थानमा छापा मारी प्रहरीले जुवातास खेलिरहेका १९ जनालाई पक्राउ गरेको छ।



महोत्तरी प्रहरीले जनाए अनुसार दुबै घटनामा गरी नगद तीन लाख ६८ हजार रुपियाँसहित विभिन्न जुवा सामग्री बरामद गरिएको छ।

जुवातास नियन्त्रणका लागि महोत्तरी प्रहरीले सञ्चालन गरेको विशेष अभियानअन्तर्गत उनीहरूलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

बर्दीवासका विभिन्न ठाउँमा अवाञ्छित गतिविधि भइरहेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय महोत्तरी र इलाका प्रहरी कार्यालय बर्दिबासको संयुक्त टोलीले गएराति बर्दिबास नगरपालिका-५ स्थित टुटेश्वर मन्दिर नजिक छापा मार्दा जुवा खेलिरहेको अवस्थामा १२ जनालाई नियञ्त्रणमा लिएको छ।

जिल्ला प्रहरीका डिएसपीसमेत रहेका सूचना अधिकारी शैलेन्द्र भट्टले जनाए अनुसार प्रहरीले जुवाको खालबाट एक लाख ३२ हजार नगद, २६ थान कौडा, तीन थान काठका बाकस र विभिन्न ब्राण्डका ११ थान मोबाइल फोन बरामद गरिएको छ।

यसअघि बर्दिबास नगरपालिका-७ स्थित किसाननगरमा प्रहरीले छापा मार्दा जुवाडेसहित नगद बरामद गरको छ।

गोप्य सूचनाको आधारमा इलाका प्रहरी बर्दिबासका डिएसपी विकाश बम नेतृत्वको टोलीले स्थानीय कर्णबहादुर तामाङको सटर भएको घरमा तलासी लिदा लुकिछिपी जुवातास खेलिरहेको अवस्थामा सात जनालाई रङ्गेहात नियञ्त्रणमा लिएको छ।

घटनास्थलबाट प्रहरीले दुई लाख ३६ हजार ५७५ रुपियाँका साथै प्रयोग भएको तासका पत्ता ५२ थान, सिलबन्दी बन्डल एक थान र खुल्ला तासका कार्ड ५२ थान बरामद गरेको जनाएको छ।

पक्राउ परेका सबैलाई नियन्त्रणमा लिएर सुरुमा इलाका प्रहरी कार्यालय बर्दिबासमा प्रारम्भिक सोधपुछ गरी अनुसन्धान थालिएको जनाइएको छ।

# श्रमशोषणविरुद्ध स्वास्थ्यकर्मीहरुद्वारा प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । निजी अस्पतालहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुले श्रमशोषण र दमनविरुद्ध जनकपुरधाममा प्रदर्शन गरेको छ।

निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुमा श्रमशोषण र दमन भइरहेको भन्दै उनीहरुले आइतबार प्रदर्शन गरेका छन्।

आन्दोलनरत्त स्वास्थ्यकर्मीले निजी अस्पतालमा समेत सरकारी सरह सुविधा पाउनुपर्ने, सरकारी स्वास्थ्य संस्थामा कार्यरत करार स्वास्थ्यकर्मीलाई हटाइ प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति गर्नुपर्ने, स्वास्थ्यकर्मीहरुको बीमा र सुरक्षा हुनु पर्नेलगायतको माग गरेका छन्।

# सामाजिक सञ्जालमा हतियार प्रदर्शन गरेपछि छानबिनको माग

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मौलापुर नगरपालिका-१ (मर्यादपुर) निवासी धिरज पाण्डे (उर्फ आर्या पाण्डे) माथि खुलेयाम बन्दुक प्रदर्शन गरेका छन्।

पाण्डेले बिभिन्न किसिमका हतियार बोकेर सामाजिक सञ्जालमा प्रदर्शन गरेको आरोप लागेको हो।

धिरज पाण्डेसँग पिस्टलको कुनै वैध लाइसेन्स वा सरकारद्वारा स्वीकृत इजाजतपत्र छ कि छैन, तर उ खुलेयाम हतियार प्रदर्शन गरिरहेको हुँदा प्रशासन मौन रहेको प्रश्न उठेको स्थानीयको भनाई रहेको छ।



स्थानीयवासीको भनाइअनुसार, धिरज पाण्डेले बारम्बार सामाजिक सञ्जालमा बन्दुक देखाएर मानिसहरूलाई त्रासदायी व्यवहार गरेको छ। स्थानियहरुले जिल्ला प्रशासन, प्रहरी प्रशासन र सम्बन्धित सुरक्षा निकायसँग तत्काल छानबिन गरी उचित कारबाही गर्न माग गरेका छन्।

उक्त घटनालाई अझ संवेदनशील बनाउने विषय भनेको–उक्त पिस्टलसँग सम्बन्धित अड्डा र व्यक्तिहरूको सम्बन्ध समुदायमा चिनिने किसिमको रहेको छ। स्थानीयले ती बन्दुकहरू “सरकारबाट सुरक्षाको लागि दिएको” भनेर परिचय गराइएको केही व्यक्तिहरूले खुलेयाम प्रदर्शन गरिरहेको दाबी गरेका छन्। यस्ता दाबीहरू सत्य साबित नभए पनि समुदायमा भय र असुरक्षा फैलिएपछि सो विषय स्थानीय तह र सुरक्षा निकायले गम्भीर रूपमा लिएर छानबिन गर्नुपर्ने बारेमा आवाज उठाइएको छ।

# डिआईजी थपलियाद्वारा निरीक्षण



**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख डीआईजी गोविन्द थपलियाले आईतवार जिल्ला प्रहरी कार्यालय रौतहटको निरीक्षण पश्चात निर्देशन दिएका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहट पुगेका डीआईजी थपलियाले कार्यालय परिसरभित्रका सबै शाखा, थुनुवा हिरासत कक्ष, ब्यारेक भवन लगायतका संरचनाहरूको अवलोकन तथा निरीक्षण गरेका थिए।

निरीक्षणको क्रममा उनले प्रहरी कर्मचारीहरूको कार्यसम्पादन, कार्यालयको भौतिक संरचना, स्वच्छता र सेवा प्रवाहको अवस्था प्रत्यक्ष अवलोकन गरी सुधार गर्नुपर्ने पक्षहरूमा सुझाव र आवश्यक निर्देशनहरू समेत दिएको रौतहट प्रहरी प्रमुख एसपी रबिन कार्कीले बताए।

उक्त अवसरमा एसपी कार्की सहितका जिल्ला मातहतका सबै युनिट इन्चार्जहरूको उपस्थित रहेको थियो।

डीआईजी थपलियाले ब्रिफिङ सत्रमा मातहतका प्रहरी अधिकृतहरूलाई कानून कार्यान्वयनमा शून्य सहिष्णुता अपनाउन, नागरिकमैत्री सेवा प्रवाहमा ध्यान दिन, र प्रहरी संगठनको अनुशासन तथा इमानदारीलाई प्राथमिकता दिन निर्देशन दिएका थिए।

रौतहटजस्तो सीमावर्ती जिल्लामा सुरक्षा चुनौतीहरू विविध र जटिल हुने भएकाले उच्चस्तरीय ध्यान र निर्देशनले स्थानीय प्रहरी संयन्त्रलाई बलियो बनाउने संकेत गरेको देखिन्छ।

# बेमौसमी वर्षाले धानबालीमा व्यापक क्षति

**टुडे समाचारदाता**

राजविराज। तीन दिनदेखिको लगातार पानी परेपछि पाकेको धानवालीमा व्यापक क्षति भएको छ। भित्र्याउने तयारी अवस्थामा रहेको बेला धानबालीमा बेमौसमी वर्षाले व्यापक क्षति पुगेको जनाइएको छ।



जिल्लाको महादेवा गाउँपालिका- १ स्थित सोनराका रमेश मण्डलको पाँच कठ्ठा पाकेको धान काटेर खेतमा रहेको अवस्थामा वर्षाको डुबेपछि व्यापक क्षति भएको छ। वर्षाको पानीले हजारौं विघामा लगाइएको धानवालीमा क्षति भएको मण्डलले दुःखेसो पोख्नुभयो।

त्यस्तै, तिलाठी कोइलाडी गाउँपालिका -७ स्थित भगवानपुरका गुलाव रामको दस कठ्ठामा पाकेको धान काटेर खेतमा रहेको अवस्थामा वर्षाको डुबेपछि अत्यधिक क्षति भएको छ। वर्षाको पानीले लाखौं क्षति भएको रामले गुनासो गरे।

सोही ठाउँका स्थानीय पीडित नित्यानन्द सिंहले वर्षाका कारण काटेर राखेको धान खेतमै डुबेर बर्बाद भएको बताए। उनले धान पानीले भिजेपछि मेहनत र लगानी दुबै खेर गएको बताए।

बिहीबारदेखि शनिबारसम्म निरन्तर भएको वर्षाले हुँदा धानबालीमा धेरै क्षति पुगेको दीपेन्द्र माझीले बताए। निरन्तर वर्षाका कारण पाकेको धानबाली नष्ट हुँदा ठुलो मारमा परेको स्थानीय किसान बेचन यादवले बताए। वर्षा आइतबार बिहानबाट रोकिएकाले किसानहरुको थप क्षति हुनबाट जोगिएको उनले बताए।

विषेशगरी छिटो पाक्ने कतरनी, साइठी, कान्छी लगायत जातका धानलाई सबभन्दा बढी वर्षाले क्षति पुऱ्याएको उनले जानकारी दिए।

त्यस्तै, बासमती, चन्चुर, कान्छी लगायत जातका धान नपाके पनि बोट ढलेर डुबेका कारण उब्जनीमा यस वर्ष अत्यधिक कमी हुने अनुमान कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउत जानकारी दिए। काट्न तयार रहेको धान वर्षा र बाढीको पानी खेतमा पस्दा ठुलो नोक्सान भएको तिलाठी कोइलाडी- ६ का अशोक यादवले बताए। वर्षाले पाकेको धानलाई झार्नुका साथै बोट समेत ढलेर नष्ट भएको उनको भनाइ छ।

धान भित्र्याउने समयमा पानीले क्षति पुऱ्याएको स्थानीय किसान शिवनारायण यादवले बताए।

वर्षाले खेतबारी, करेसाबारीमा लगाएको तरकारी वालीहरु समेत नष्ट भएको स्थानीय किसान वासुदेव यादवले बताए।

# अटोरिक्सालाई ठक्कर दिँदा ४ जनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा यात्रुबाहक बसले अटो रिक्सालाई ठक्कर दिँदा एकै परिवारका तीन सदस्यसहित चार जनाको मृत्यु भएको छ भने अन्य दुईजना गम्भीर घाइते भएका छन्।



विराटनगरबाट धनगढी जाँदै गरेको सु.प्र ०१-००१ ख ३२८८ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेको प्रदेश २-०१-००१ ह १२३० नम्बरको अटोलाई शनिबार साँझ ठक्कर दिएको थियो।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत धनुषाको गणेशमान चारनाथ नगरपालिका वडा नं १ वीरेन्द्र बजारमा भएको सो दुर्घटनामा गणेशमान चारनाथ नगरपालिका १ भरतपुरका अन्दाजी ४० वर्षीय धनबहादुर पुर्वछाने मगर, ३५ वर्षीय शम्भु पुर्वछाने मगर, ३५ वर्षीया निशा मगर र अन्दाजी ४० वर्षीय अटोरिक्सा चालक डम्बर राईको मृत्यु भएको हो।

उनीहरुको घटनास्थलमै मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण तोसीका अनुसार दुर्घटनामा १४ वर्षका शीतल मगर र ९ वर्षका रोशन मगर गम्भीर घाइते छन्। उनीहरूको जनकपुरधामस्थित न्युरो अस्पतालमा उपचार भइरहेको छ।

दुर्घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ।

सम्पदाको संरक्षण गरौं ।

- देशको ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,
- राष्ट्रिय सम्पत्तिहरु मुलुकको पहिचान हुन्, तिनीहरु प्रति गर्व गरौं,
- राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो।

हाम्रो सम्पदा, हाम्रो पहिचान

सबै मिली गरौं संरक्षण !

नेपाल सरकार

विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८